# धर्मकीर्ति

## THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



DHARMAKIRTI

ल्हुति पुन्ही

वर्ष-२४; अङ्क-१२

बिक्रम सम्वत् २०६३

## बौद्ध परियत्ति शिक्षाको परिक्षाफल प्रकाशित

अखिल नेपाल भिक्षु महासंघको तर्फबाट संचालित बु.सं. २५५० (वि.सं. २०६३) नेपाल बौद्ध परियत्ति शिक्षाको परिक्षाफल प्रकाशित भएको समाचार छ। प्राप्त समाचार अनुसार सबै कक्षामा गरी जम्मा २३ जना विद्यार्थीहरू बोर्डमा आउन सफल भएका छन्। परीक्षाको परिणाम अनुसार काठमाडौं उपत्यका, काभ्रे, लुम्बिनी, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, त्रिशुली, पोखरा, बुटवल, विराटनगर, गुल्मी र झापा समेत गरी कूल ४८ वटा परीक्षा केन्द्रहरूको तर्फबाट २३६५ जना विद्यार्थीहरू उत्तीर्ण भएका छन्। अन्तिम परीक्षा परियत्ति सद्धम्म कोविदमा ललिता धाख्वा: बोर्ड प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल भएकी छिन्। उहाँले दीपंकर परियत्ति शिक्षालयमा अध्ययन गरेकी थिइन्। प्राप्त समाचार अनुसार बोर्ड प्राप्त परीक्षार्थीहरू र धर्मकीर्ति परीक्षा केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरूको नामावली यसरी उल्लेख गरिएका छन्–

### बोर्ड प्राप्त परीक्षार्थीहरू

| क्र.सं. | पञ्जिका नं. | नाम | केन्द्र | कक्षा | श्रेणी बोर्डमा |
|---|---|---|---|---|---|
| १ | १३६६ | ललिता धाख्वा: | दिपंकर परियत्ति शिक्षालय नागवहा: | १० | प्रथम |
| २ | ७३२ | सतिधाख्वा: | दिपंकर परियत्ति शिक्षालय नागवहा: | १० | द्वितीय |
| ३ | १६९५ | अनुला गुरुमां | सुलक्षणकीर्ति विहार चोबहा: | ७ | प्रथम |
| ४ | ८०७३ | प्रेमलता तुलाधर | धर्मकीर्ति विहार न:घ: | ७ | द्वितीय |
| ५ | २७०८ | भिक्षु उत्तमो | वेलुवनाराम विहार थेच्व | ७ | तृतीय |
| ६ | ५८९४ | पद्मा नकर्मी | धर्मकीर्ति विहार न:घ: | ६ | प्रथम |
| ७ | ५८०७ | विजयलक्ष्मी शाक्य | धर्मकीर्ति विहार न:घ: | ६ | द्वितीय |
| ८ | ४४७५ | मासुधा गुरुमां | यशोधरा मा.वि. थैना | ६ | तृतीय |
| ९ | ५३४८ | अविन्द्र तुलाधर | अमरापुर बुद्ध विहार बुंघ | ५ | प्रथम |
| १० | ५३१५ | सबिना महर्जन | अमरापुर बुद्ध विहार बुंघ | ५ | द्वितीय |
| ११ | ४७६८ | रचना वैद्य | नगदेश बुद्ध विहार नगदेश | ५ | तृतीय |
| १२ | ४६४९ | पुनम थापा | आनन्दकुटी विहार स्वयम्भू | ४ | प्रथम |
| १३ | ७२०७ | सबनम दर्शनधारी | त्रिरत्नकीर्ति विहार कीर्तिपुर | ४ | द्वितीय |
| १४ | ९११८ | फणिन्द्रकुमार पाल | लुम्बिनी परियत्ति केन्द्र | ४ | तृतीय |
| १५ | ७७२९ | संगीना वज्राचार्य | विश्वशान्ति विहार | ३ | प्रथम |
| १६ | ७२७३ | अनिता बुद्धाचार्य | आनन्दभूवन विहार स्वयम्भू | ३ | द्वितीय |
| १७ | ८७१९ | सुनीता वज्राचार्य | बुद्ध विहार, विराटनगर | ३ | तृतीय |
| १८ | ९३९३ | संगीता त्वायना | मुनि विहार, ख्वप | २ | प्रथम |
| १९ | ७६३१ | अञ्जु महर्जन | भास्सरा मा.वि. पूर्णचण्डी | २ | द्वितीय |
| २० | ९०२७ | प्रनेश शाक्य | शाक्यसिंह विहार थैना | २ | तृतीय |
| २१ | ११३७२ | अनुराधा वज्राचार्य | आनन्द विहार तानसेन पाल्पा | १ | प्रथम |
| २२ | ११६०० | रिया सुवाल | बोधिचर्या विहार बनेपा | १ | द्वितीय |
| २३ | १२१८९ | प्रमिता शाक्य | यशोधरा मा.वि. थैना | १ | तृतीय |

### धर्मकीर्ति परीक्षा केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरू

| क्र.सं. | पञ्जिका नं. | नाम | कक्षा | श्रेणी |
|---|---|---|---|---|
| १ | ४२४० | प्रतिवती गुरुमां | ६ | प्रथम |
| २ | १८९७ | नविना महर्जन | ६ | प्रथम |
| ३ | ९०९१ | चन्द्रलक्ष्मी वज्राचार्य | ५ | प्रथम |
| ४ | ५६८९ | गिनिश डंगोल | ४ | प्रथम |
| ५ | १११०६ | अनिल महर्जन | ३ | प्रथम |
| ६ | ७६८९ | एमन शाक्य | ३ | प्रथम |
| ७ | ७५३४ | विष्णु कुमारी महर्जन | ३ | प्रथम |
| ८ | ७५३६ | हिराकुमारी महर्जन | ३ | प्रथम |
| ९ | ७५४३ | जेनिश नकर्मी | ३ | प्रथम |
| १० | ५७०० | अमिर महर्जन | ३ | प्रथम |
| ११ | ९०९९ | राधिका थपलिया | २ | प्रथम |
| १२ | ९१८१ | यशु महर्जन | २ | प्रथम |
| १३ | ९७३८ | एजन महर्जन | २ | प्रथम |
| १४ | ९१०१ | भावनावती गुरुमां | २ | प्रथम |
| १५ | ११०७६ | अभिषेक रत्न शाक्य | १ | प्रथम |
| १६ | ११०९८ | श्रोता शाक्य | १ | प्रथम |
| १७ | ११०९५ | अनिशा प्रधान | १ | प्रथम |
| १८ | ११०९१ | नुरी स्थापित | १ | प्रथम |
| १९ | ११०९७ | अञ्जली प्रधान | १ | प्रथम |
| २० | ११०८० | योगेन्द्र महर्जन | १ | प्रथम |
| २१ | ११०९२ | ओभासवती गुरुमां | १ | प्रथम |
| २२ | ११०९६ | सुमित्रा शाक्य | १ | प्रथम |
| २३ | ११११४ | प्रबोध तुलाधर | १ | प्रथम |
| २४ | ११०७८ | रसु महर्जन | १ | प्रथम |
| २५ | ११०९७ | विपस्सना शाक्य | १ | प्रथम |
| २६ | १११०२ | शान्त शाक्य | १ | प्रथम |
| २७ | ५७४९ | शील गैतमी गुरुमा | ७ | द्वितीय |
| २८ | ५८०८ | लक्ष्मीहीरा स्थापित | ६ | द्वितीय |
| २९ | ५८०४ | सुभद्रा स्थापित | ६ | द्वितीय |
| ३० | ३९७२ | सुनिता डंगोल | ६ | द्वितीय |
| ३१ | ९७९४ | मायादेवी महर्जन | ६ | द्वितीय |
| ३२ | ५४३० | चन्द्रलक्ष्मी महर्जन | ६ | द्वितीय |
| ३३ | १११०९ | ताराशोभा स्थापित | ५ | द्वितीय |
| ३४ | ७५४८ | समिता महर्जन | ५ | द्वितीय |
| ३५ | १११०८ | सुशीलवती गुरुमां | ५ | द्वितीय |
| ३६ | ७५१२ | सरस्वती महर्जन | ५ | द्वितीय |
| ३७ | ९७९४ | मायादेवी महर्जन | ५ | द्वितीय |
| ३८ | ५६८५ | गीता डंगोल | ४ | द्वितीय |
| ३९ | ५४४१ | ज्ञानीशीला डंगोल | ४ | द्वितीय |
| ४० | ५६६८ | सितु मानन्धर | ४ | द्वितीय |
| ४१ | ५६८८ | ज्ञानी डंगोल | ४ | द्वितीय |
| ४२ | ५६८४ | श्रीजन डंगोल | ४ | द्वितीय |
| ४३ | ३३२० | राकेश महर्जन | ३ | द्वितीय |
| ४४ | ७४९४ | निर्मला नकर्मि | ३ | द्वितीय |
| ४५ | ७५३३ | प्रमिला नकर्मि | ३ | द्वितीय |
| ४६ | ७५१६ | इन्द्रमान महर्जन | ३ | द्वितीय |
| ४७ | १११२६ | क्षान्तिवती गुरुमां | ३ | द्वितीय |
| ४८ | १११०५ | सुजाता गुरुमां | ३ | द्वितीय |
| ४९ | १११२५ | बाबुराम गोले | २ | द्वितीय |
| ५० | ९१०२ | पभावती गुरुमां | २ | द्वितीय |
| ५१ | १११०४ | विनिता महजृन | १ | द्वितीय |
| ५२ | ११०८७ | रिमेश महर्जन | १ | द्वितीय |
| ५३ | १११२१ | ऋति रंजित | १ | द्वितीय |
| ५४ | ११०८१ | सानु महर्जन | १ | द्वितीय |
| ५५ | ११०८८ | निखिल प्रजापति | १ | द्वितीय |
| ५६ | ११०८२ | सिमरन कपाली | १ | द्वितीय |
| ५७ | ११०८६ | मनिष महर्जन | १ | द्वितीय |
| ५८ | ११११५ | उमेश लामा | १ | द्वितीय |
| ५९ | ११०८४ | मन्जीला महर्जन | १ | द्वितीय |
| ६० | ३३५३ | सूर्यलक्ष्मी सिंह | १० | तृतीय |
| ६१ | ३५७१ | प्रज्वल सायमी | ४ | तृतीय |
| ६२ | ५८५४ | रोजी महर्जन | ४ | तृतीय |
| ६३ | ७५४६ | लक्ष्मी महर्जन | ४ | तृतीय |
| ६४ | ११०९४ | लक्ष्मी महर्जन | १ | तृतीय |
| ६५ | १११११ | नविन नापित | १ | तृतीय |
| ६६ | १११७ | अक्षय विन्दुकार | १ | तृतीय |
| ६७ | १११८ | सरोज विन्दुकार | १ | तृतीय |

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५, ४२२ ४९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
ध्रुवलाल स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
e-mail: dharmakirtivihar@mail.com.np
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५०
नेपाल सम्वत् ११२७
इस्वी सम्वत् २००७
विक्रम सम्वत् २०६३


| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |

# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly
**APRIL 2007**


| वर्ष- २४ | अङ्क- १२ | ल्हुति पुन्ही | चैत्र २०६३ |
|---|---|---|---|





★ क्रोधलाई हटाउनु, अभिमानलाई सम्पूर्ण रूपले हटाउनु सबै बन्धनहरूबाट पार लाग्दै जानु, नाम (चित्त) र रूप मा आसक्त नहुने, अरागी व्यक्तिको मनमा दुःखले छुन सक्दैन।

★ ★ ★

★ मार्ग भ्रष्ट भई गलत बाटो पछ्याउँदै गइरहेको रथलाई ठीक समयमा नै रोके जस्तै आफ्नो मनमा उठीसकेको क्रोधलाई पनि ठीक समयमा नै रोक्न सक्ने व्यक्तिलाई मात्र सारथि भन्न योग्य हुन्छ। यी बाहेक अरूहरू त केवल डोरीको पुच्छर समात्ने व्यक्तिहरू मात्र हुनेछन्।

★ ★ ★

★ अक्रोधी भई क्रोधलाई जित्न सक्नुपर्दछ। खराब कार्य गर्ने व्यक्तिहरूलाई असल कार्य गरेर देखाई जित्न सक्नु पर्दछ भने कञ्जुसी व्यक्तिलाई दान दिएर जित्न सक्नु पर्दछ। यसरी नै झुठाबादी असत्य व्यक्तिलाई सत्यवादी भई जित्न सक्नुपर्दछ।

# असल बाटो देखाउने गुरु

असल बाटो देखाउने गुरु

गौतम बुद्ध भन्नुहुन्थ्यो–

संसारका धेरैजसो मानिसहरू अज्ञानी छन् । ती अज्ञानीहरूलाई राम्रो बाटो देखाउनको लागि असल गुरुको खाँचो रहेको हुन्छ । किनभने ती अज्ञानीहरूले अज्ञानतावश राम्रो काम ठानी अरूहरूको अहित हुने काम पनि गर्न थाल्दछन् ।

उहाँले फेरि भन्नुहुन्छ–

मानिस सुध्रिनु र नसुध्रिनु उसको आफ्नै हातमा रहेको कुरो हो । मतलब आफूले गरेको काम र कुरो कतिसम्म ठीक र वेठीक छ भन्ने विषयमा उसले आफूले आफैलाई जाँची रहने गर्नुपर्दछ । आफ्नो गल्ती आफैले महशूस गर्न नसके सम्म मानिस ठीक तरिकाले सुध्रिन सक्दैन । असल गुरुले राम्रो आचरण गर्नुपर्ने शिक्षा सिकाए अनुसार त्यसलाई शिष्यले आफ्नो आचरणमा प्रयोग गर्न सके मात्र उसले आफूलाई सुधारी दुःखबाट मुक्ति प्राप्त गर्न सक्नेछ । त्यसैले बुद्ध भन्नुहुन्छ, मैले कसैलाई पनि दुःखबाट मुक्ति दिलाउने जिम्मा लिन सक्दिन । मैले त बाटो मात्र देखाउन सक्छु । अक्खातारो तथागता अर्थात् तथागत त मार्ग प्रदर्शक मात्र हुनुहुन्छ । मुक्तिदाता कदापि होइन । त्यसैले होला बुद्धका कतिपय शिष्य भिक्षुहरू बुद्धले देखाउनु भएको मुक्तिमार्ग नबिराईकन जान सफल भई आ-आफ्नो खराब आचरणहरू त्यागी दुःखबाट मुक्त हुन सफल भएका थिए भने अन्य कतिपय शिष्यहरू उहाँको शिक्षाअनुसार आचरण नगरी निन्दनीय कार्य गर्दै हिंड्नेहरू पनि नभएका होइनन् । यसबारे प्रसंगवश प्रश्नको उत्तर दिनुहुँदै बुद्धले भन्नुहुन्छ–

"शुद्धि अशुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये" अर्थात् शुद्धि हुने र अशुद्धि हुने मानिसहरूको आ-आफ्नै हातको कुरो हो । कसैले कसैलाई सुधार्ने जिम्मा लिन सक्दैन । गुरुहरूले त असल बाटो मात्र देखाइदिन सक्दछ ।

त्यसैले अध्यापन कार्यमा लागेका कतिपय गुरुहरूले विद्यार्थीहरूलाई असल शिक्षा सिकाई असल नागरिक बन्न सक्ने शिक्षा सिकाउनु उहाँहरूको कर्त्तव्य हुनेछ । त्यस शिक्षालाई सिके जस्तै असल नागरिक बन्ने कोशिस गर्नु विद्यार्थीहरूको कर्त्तव्य हुनेछ । जसले शिक्षालाई पढेर यसलाई आफ्नो व्यवहारहरूमा प्रयोग गर्न सक्दैन, उसले असल नागरिक बन्न सक्दैन ।

बुद्ध असल बाटो देखाउने गुरु मात्र होइन उहाँले त आफूले जसरी बोल्नु हुन्थ्यो त्यसरी नै काम पनि गरेर देखाउनु हुन्छ । त्यसैले उहाँलाई विज्जाचरण सम्पन्नो भनिन्छ । उहाँलाई असल बाटो देखाउने गुरुको रुपमा बुझ्नका लागि हामीले उहाँका केही सन्देशहरूलाई एकपटक स्मरण गरौं–

❖ "अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफूले के गरें के गरिन भनी हेर्नु नै उत्तम हुनेछ ।"

❖ "आफूले गरेको पापले आफैलाई अपवित्र बनाइदिन्छ । आफूले गरेको राम्रो कामले आफैलाई शुद्ध पार्दछ । शुद्धि हुने र अशुद्धि हुने आफ्नै कामबाट हो । कसैले कसैलाई शुद्ध बनाउन सक्दैन ।

❖ "शिष्यमा लाज र भय रहेन भने बाटो देखाउने गुरु जति असल भएपनि त्यस शिष्यको बानी व्यवहारमा सुधार आउन सक्दैन । उ असल व्यक्ति बन्न सक्दैन ।"



Downloaded from http://www.dhamma.digital

**केही प्रेरणाका प्रसंगहरु**

# मुक्तिदायिनी धर्म मार्ग

■ सत्यनारायण गोयन्का

भगवान बुद्धको समयभन्दा दुई सय वर्ष पछि भारत देशमा अशोक सम्राट भए। उनका भाइहरू मध्ये एकजना वीताशोक थिए। राजकुमारहरू जुन विद्या तथा शिल्पकलाहरूका कौशलतामा निपुण हुनुपर्ने हो, राजकुमार वीताशोक युवा अवस्था हुँदा ती सबै विद्याहरूमा निपुण भइसकेका थिए। आफ्नो दाजुको रेखदेखमा राजकाजको जिम्मेवारी लिँदै गए। पछि अशोक बदले। शुरु, मध्य र अन्तमा कल्याणकारी हुने शुद्ध धर्मको सम्पर्कमा आएपछि चण्डाशोक धम्माशोकमा परिवर्तन भए। भगवान बुद्धको सर्वमांगलमयी धर्मवाणी र उहाँले बताउनु भएको साधना मार्गलाई त्यससमयका आचार्यहरूले सिकाइए अनुसार अभ्यास गरेपछि सम्राट अशोकले अपूर्व शान्तिको अनुभव गरे। उनको मनमा आफ्ना प्रजाका प्रति पनि असीम स्नेह जाग्यो। राज्यको आम्दानी प्रज्ञाको सुरक्षाका साथ साथै उनीहरूको सुख-सुविधाका लागि पनि खर्च हुन थाल्यो। बाटोको निर्माण गरे र बाटोका छेउमा फलफूल र छाया दिने रूखहरू रोप्न लगाए। ठाउँ-ठाउँमा पानी खाने पँधेरो र धर्मशाला बनाउन लगाए। मानिसहरूको र पशुहरूको औषधालयहरू बनाउन लगाए। यी सबै भन्दा पनि राम्रो, मानिसहरूलाई साम्प्रदायिकता विहीन शुद्ध-धर्मको सैद्धान्तिक र व्यावहारिक शिक्षा प्रदान गर्नका लागि राज्यको तर्फबाट धर्मामात्य नियुक्त गरे। प्रस्तर शिला र पाषाण स्तम्भहरूमा शुद्ध धर्मको वाणी कुँडेर ठाउँ-ठाउँमा स्थापित गरे। ताकि राज्यका शासनअधिकारीहरू र प्रजाहरू यसलाई पढेर सद्धर्मको प्रति उत्साहित होउन्। विभिन्न ठाउँहरूमा साधनाको अभ्यास गर्ने केन्द्रहरू स्थापना गर्न लगाए ताकि मानिसहरू चित्तशुद्धिको अभ्यास गरेर स्वयं लाभान्वित हुन सकुन्।

मानिसहरूमा धर्मको प्रभाव बढिरहेको थियो। यसको साथ-साथै राज परिवारका सदस्यहरूमा पनि धर्म-भावना बढिरहेको थियो। सबैजना नभए पनि अधिकांश सदस्यले धर्म गंगामा डुबुल्कि लगाएका थिए र धर्म उपदेश सुनेर कृतार्थ भएका थिए। आफ्नो परिवारको लागि विशेष धर्म आचार्यलाई नियुक्त गरिएको थियो।

सम्राटको भाइ वीताशोक पुण्यशाली थिए। धर्मले उनलाई पनि प्रभावित पारेको थियो। भगवानको वाणीमा उनले शान्ति र निमर्लताको संदेश पाए। आफू गृहस्थ भएपनि पूज्य भिक्षु गिरिदत्त स्थविर सामू रहेर सारा सुत्तपिटक पढे। अन्तरमनसम्म छुने यस मांगलयमयी धर्म वाणीले राजकुमार वीताशोकलाई निक्कै प्रभावित पाऱ्यो। सरल भाषामा भनिएका भगवानका अमृतवाणीका सा-साना उल्झनहरू पनि बाँकि रहेन। कल्पना र अन्ध मान्यताको झिनो जाली आफै हट्दै गयो। सत्यको प्रकाशले अन्धकारलाई उज्यालो बनायो। कार्य र कारणको प्राकृतिक नियमलाई झन स्पष्टसंग बुझ्न थाले। प्रतीत्य समुत्पादमा आधारित भव प्रवाह स्पष्ट-स्पष्ट बुझिन थाल्यो। प्रतीत्य समुत्पाद मध्ये एउटा खुट्किला भत्कियो भने भव प्रवाह पनि निरूद्ध हुन्छ भन्ने कुरा पनि स्पष्ट जाने। चित्त र चित्तको चेतना तथा भौतिक शरीरको प्रत्येक क्षण-क्षण परिवर्तन हुने स्वभावले कसरी एक अर्कोलाई प्रभावित पार्दछ र कसरी यसलाई राम्ररी बुझेर भवधाराबाट मुक्ति पाउन सकिन्छ भन्ने कुरा पनि स्पष्ट बुझे। भव-प्रवाह दुःख नै हो र यसको मूख्य कारण तृष्णा हो जसको कारणले नै यसको समुदय हुन्छ। यस कारणलाई हटायो भने यो प्रवाह स्वतः रोक्दछ। यस कारणको निवारणको लागि स्पष्ट, जो कोहीले अभ्यास गरेर दुःख निरोधको परम अवस्था प्राप्त गर्न सकिने विधि बताउनु भयो। यसरी सुत्तपिटकको अध्ययन पूरा गराईसके पछि आचार्य गिरिदत्त स्थविरले वीतशोकलाई अभिधम्म पिटकको गम्भीर शिक्षा पढाउनु भयो। नाम र रुपको पारस्परिक सम्बन्धको बारेमा स्पष्ट थाहाभए पछि वीताशोकको मन हर्षले विभोर भयो।

यी दुबै पिटकको परियत्तिजनक शिक्षा अर्थात शास्त्रीय शिक्षाका साथ-साथै आचार्य गिरिदत्त भिक्षुले आफ्ना राजशिष्यहरूलाई प्रतिपत्तिको अभ्यास अर्थात साधना पनि सिकाए। सुनेको र पढेको कुरालाई जब आफूले अनुभव गरे तब चित्त श्रद्धाले विभोर भयो। आफ्नो परिवार र राजकाजको जिम्मेवारी निभाउँदै वीताशोक एक आदर्श गृहस्थको जीवन जिउन थाले।

समय बित्दै गयो। एकदिन दरवारमा सँधैं झैं कपाल काट्नको लागि नाऊ आयो। वीताशोकको टाउकोको कपाल र ढाढी-जुँगा काटे पछि सँधैं झैं उनको हातमा ऐना राखिदिए। उनले ऐनामा आफ्नो मुहार हेरे। आफ्नो केश पहिला झैं कालो नभएको देखे। ठाउँ-ठाउँमा फुलेका केशले शरीरको बूढोपन दर्शाइरहेको थियो। चेहराको छाला पनि चाउरी परेको थियो।

यो देखेर वीताशोकको मनमा ठूलो धर्म संवेग जाग्यो। अनेक पूर्वजन्म झैं यो जीवन पनि त्यसै बित्ने



Downloaded from http://www.dhamma.digital

भयो । मानवको अनमोल जीवन प्राप्त भएको छ र यस्तो मुक्तिदायिनी धर्म साधना प्राप्त भएको छ । यसबाट लाभ मैले प्राप्त गर्नुपर्छ । मृत्युको के भरोसा छ र ? मृत्यु कहिल्यै पनि आउन सक्छ ।

यसरी धर्मचेतना जागे पछि झन दृढतापूर्वक धर्म साधनामा लागे र छिट्टै नै स्रोतापन्न अवस्था प्राप्त गरे । जब काया र चित्त भन्दा परको इन्द्रियातीत अमृत अवस्थाको साक्षात्कार भयो तब धर्म संवेग झन घनीभूत भएर आयो । मैले यस मावनजीवनको र यस मुक्तिदायिनी विधाको सक्दो लाभ उठाउनु पर्छ । अत: गृहस्थ जीवन त्यागेर राजमहलको मिथ्या प्रलोभनलाई त्यागेर केश, ढाढी-जुँगा आदि काटेर चीवर धारण गरि प्रव्रजित भई भिक्षु गिरिदत्तको मार्ग-निर्देशन अनुसार विपश्यना साधनामा तल्लीन भएर लागे । सूक्ष्म सत्य दर्शनको अभ्यास गर्दै-गर्दै एक-समय वीतराग, वीतद्वेष, वीतमोह भए र सही अर्थमा वीताशोक भए । अर्हत भए । मानव जीवनको परम लक्ष्य प्राप्त गरे र उनको मुखबाट स्वत: उदान वचन निस्के – केश काट्नको लागि नाऊ म कहाँ आए । उसले दिएको ऐनामा मैले आफ्नो शरीरलाई हेरें र तब नै विपश्यनाको अन्तदृष्टी जाग्यो–

**तुच्छो कायो अदिस्सित्थ** – यस बूढोपन, मरणधर्मा, क्षण-क्षण परिवर्तन हुने शरीरको निस्सारता, तुच्छतालाई कायानुपश्यनाको साधना द्वारा स्वयं प्रत्यक्ष दर्शन गरें ।

**अंधकारे तमो ब्यगा** – अविद्याको सारा अंधकार विदीर्ण भयो ।

**सब्बे चोदा समुच्छिन्ना** – भव संस्कारको सबै पर्दा फाट्यो र परम सत्यको उजागर भयो ।

**नत्थिदानी पुनब्भवो** – अब मेरो लागि पुनर्जन्म छैन । पुनर्जन्म हुने सम्पूर्ण भव संस्कारहरू उखेलिसकें । भवधारा नै छिनीसक्यो तब पूनर्जन्म कसरी हुन सक्छ ?

सेतो फुलेको केश देखेर साधकलाई परम सत्य दर्शन गर्ने प्रेरणा प्रदान गऱ्यो । एक जना भाग्यशाली सम्राट अशोकलाई शुद्ध धर्म प्राप्त भयो जसबाट सारा देशलाई धर्म प्राप्त भयो । देशका अनगिन्ती मानिसहरूलाई साँच्चैको सुख-शान्तिको मार्ग प्राप्त भयो ।

राज्य परिवारका एक-दुईजना सदस्यहरू अभागी नै रहे, धर्म-विमुख भईरहे । तिनीहरूलाई छोडेर बाँकी सबै मंगलमार्गी बने । उनीहरू मध्ये धेरै जना यसै जीवनमा मुक्त भए, अर्हत भए । ती मध्ये वीताशोक एक जना थिए ।

* * *

*एउटा अर्को प्रसङ्ग*

## च्यामेबाट ब्राह्मण

रातीको अन्धकारलाई विनष्ट गर्दै सूर्यका स्वर्णिम किरणहरू टाढैबाट प्रज्वलित भैरहेको थियो । शान्त स्वच्छ वातावरणमा बिहानीले सबैलाई जागरणको संकेत दिइरहेको थियो । सबै तिर नयाँ जीवन प्रस्फुटित भईरहेको थियो ।

यस बिहानीको समयमा भगवान तथागत आफ्नो प्रज्ञा रश्मि-द्वारा अविद्याको गहन अन्धकारलाई छिचोल्दै भिक्षु संघको साथमा मगधको राजधानी राजगृह तर्फ जाँदै हुनुहुन्थ्यो । उनको मन मानसबाट निस्केका धर्म तरंगहरू समस्त वातावरणमा नवचेतना जागृत गर्दै थियो । सारा वायुमण्डलमा तथागतको अपरिमित मैत्री र करूणाको अटूट प्रवाह फैलिरहेको थियो । भगवान तथा उहाँका भिक्षुसंघ आँखा झुकाई विस्तारै पाइला चाल्दै नगर तर्फ गईरहेका थिए ।

नगरको एउटा राजमार्गमा च्यामे सुनीत निहुरिएर हातमा च्वाफी लिंदै बाटो बढार्दै थिए । सुस्तरी हिंडेको आवाज उनको कानमा पऱ्यो र सुनीतले रोकेर हेरे आफ्नो सामू भगवान बुद्ध तथा उहाँको भिक्षु संघलाई देखेर अचम्म भए । भगवानको दर्शन हुने वित्तिक्कै सायद पहिलाको जन्मको कुशल संस्कार उसको चित्त चेतनामा जागेर आयो । शरीरमा एक किसिमको रमाइलो तरंगले छायो । मन हर्षले गदगद भयो । आँखाबाट आँसुको धारा बग्न थाले । श्रद्धाले विभोर हात उठेको उठै भए, हात जोडेको जोडै रहे । भगवानको मुखमण्डल बाट बिकीर्ण भएका आभामण्डलीय रश्मिलाई देखेर हेरेको हेरै भए । आँसूले भिजेको आँखा, श्रद्धाले भरिएको विह्वल कंठबाट केवल दुईवटा शब्दमात्र निस्कयो कि "भन्ते! भगवन!"... भगवानले आफ्नो करूण आँखाले उसलाई हेर्नुभयो । उसको आँखाबाट आँसुका अविरल धारा फुटेर निस्किरहे । भाग्यवान सुनीत पतित-पावन धर्म गंगामा डुबुल्की लगाएर उठे ।

तर मनमा एउटा हीन भावनाको गाँठो थियो, त्यसैले त्यहीं उभिरहे । म एउटा अछूट जातको अत्यन्त हीन कुलमा जन्मेको तर भगवान सूर्यवंशी शाक्यकुलीन क्षत्रिय कुलमा जन्मेको । उहाँ माथि मेरो दूषित छाँया पनि पर्नु हुँदैन । यसै संकोचले एक ठाउँमा उभिरहे । भगवानले उसको मनको कुरा थाहापाउनु भयो । यस निर्दयी समाजद्वारा शोषित दीन-दुखियाराहरू, निर्मम समाजको दूषित व्यवस्थाको शिकार थियो । यस संतापलाई हराउन भगवानले आफ्नो अमृत वाणीले बोलाउनु भयो, "आऊ !"

यस्तो शब्द सुनेर सुनीतको शरीरको रेशा-रेशा,



Downloaded from http://www.dhamma.digital

नशा-नशा झनननन भयो । साहस गरेर भगवानको नजीकै गए र भावविभोर हुँदै उहाँको चरणमा आफ्नो टाउकोले टेके ।

ओहो ! महाकारुणिक तथागतको चरणमा कति सुख छ, शान्ति छ । केही समय पछि शाहस गर्दै बोले "भन्ते भगवान ! मलाई पनि यी चरणमा स्थान दिनुहोस् । मलाई पनि भिक्षु बनाउनु होस् । म पनि आफ्नो जीवन सफल गर्न सकूँ ।" भगवानले करुणा पूर्ण वाणीमा भन्नुभयो, "आऊ भिक्षु ।" सुनीतको भाग्य उदय भयो । यही शब्दले नै उसले भगवानबाट भिक्षुको उपसम्पदा पाए । सुनीतलाई यस्तो लाग्यो कि करुणाको सागरले उसलाई अँगालोमा बाँढेको छ, छातीमा टाँसेको छ र उस्को टाउकोमा सुम्सुमाउँदै पिठ्चूँमा थपथपाई रहेको छ । सुनीतको निहाल भयो ।

भगवानले उसलाई भिक्षु संघ सहित राजगिरिको वेणुवनमा लानु भयो । त्यहाँ उसको मनोस्थिति अनूरूपको ध्यान विधि सिकाउनु भयो । विपश्यनाको कर्मस्थान दिनुभयो ।

सुनीतले यस साधना विधिलाई राम्ररी बुझेर नजीकैको जंगलमा गएर तपश्या गर्न थाले । ध्यान गर्न भगवानले दिनु भएको आलम्बन अनुसार पहिला मनलाई एकाग्र गर्न अभ्यास गरे र त्यस पछि शरीरमा उत्पन्न हुने सम्वेदनाको दर्शन र अध्ययन गर्दै-गर्दै कायानुपश्यना र वेदनानुपश्यना गर्न थाले । चित्त र चित्तमा उत्पन्न हुने धर्मलाई दर्शन र अध्ययन गर्दै-गर्दै चित्तानुपश्यना र धर्मानुपश्यना गर्न थाले । यसरी सम्पूर्ण इन्द्रिय क्षेत्रहरूमा अनित्य, दु:ख र अनात्मको सत्यहरूको अनुभव गर्दै-गर्दै विस्तारै राग, द्वेष र मोहका बन्धनबाट छुटकारा पाउँदै गए । पूर्व संचित कर्म संस्कारहरूको उदीर्णा हुन थाल्यो, जरा विहीन हुन थाल्यो । त्यसको क्षय हुन थाल्यो । जब अघोगति तर्फ लैजाने सम्पूर्ण पूर्व कर्म संस्कारको सम्पूर्ण क्षय भयो तब स्रोतापन्नको मार्गमा आबद्ध भएर स्रोतापत्ति फललाई चाख्दै अनार्यबाट आर्य अवस्थालाई प्राप्त गरे । त्यसपछि अन्य संस्कारका कर्मक्षय गर्दै सकृदागामी मार्गमा आरुढ भए र सकृदागामी फल प्राप्त गरे ।

यसपछि चित्तलाई अझ बढी तीक्ष्ण र सूक्ष्म बनाउँदै प्रथम ध्यानबाट आठौं ध्यानसम्मका समापत्तिहरूको अभ्यास गर्दै फेरि विपश्यनामा तल्लीन भएर लागे । छिट्टै नै अनागामी मार्गमा आरुढ भएर निरोध समापत्ति प्राप्त गर्दै अनागामी फल प्राप्त गरे । त्यसपछि आफ्नो अनेक जन्मका पुण्य पारमिताहरू र बर्तमान परिश्रमको आधारमा अर्हत मार्गमा आरुढ भएर निरोध समापत्ति प्राप्त गरे र त्यसै क्षण नै अनुत्तर अर्हत अवस्थामा प्रतिष्ठापित भए । यसरी आठौं ध्यान समापत्तिहरूका साथै चार फलसमापत्तिहरू र निरोध समापत्ति प्राप्त गरेर नितान्त विमुक्त अवस्था प्राप्त गरे, धन्य भए । जे जति गर्नु थियो त्यो गरि सक्याए । अब गर्नु पर्ने बाँकी रहेन । भव-बाँध्ने संस्कारहरूबाट चित्त मुक्त भयो । अब पुनर्जन्म हुने कुनै कारण नै रहेन । मुक्त भए, अर्हत भए, बोध भए ।

सम्यक् दर्शन, सम्यक् ज्ञान र सम्यक विमुक्तिको वैभवबाट विभूषित यस परम सन्तको दर्शन गर्न र उनको अभिवादन गर्नका लागि देवताहरूका मण्डली सहित देवेन्द्र र ब्रह्मा आए । भगवान यस दृश्यलाई देखेर मुस्कुराउनु भयो ।

आऊ ! एकजना च्यामेबाट ब्राह्मण भएका त्यस परम सन्त सुनीतको सम्झनामा हामी पनि शत शत नमस्कार गरौं, उनको अभिनन्दन गरौं र धर्ममार्गमा अगाडि बढ्ने पुनीत प्रेरणा प्राप्त गरौं ।

*(साभार- "जागे मंगल प्रेरणा")*

## धर्मश्रृङ्गमा सञ्चालन गरेको बाल-शिविरमा सम्मिलित बालकको अनुभव

यस ध्यान केन्द्रमा आएर मैले आनापान ध्यान बस्ने तरिका र यस ध्यानबाट हामीलाई के कस्तो फाईदा हुन्छ भन्ने बारेमा ज्ञान पाएँ । पहिलो पटक ध्यान बस्दा मलाई निक्कै गाऱ्हो महसूस भयो । तर मन लगाएर ध्यान बसेपछि भने आफूलाई सजिलो महसूस भएको छ । यस ध्यानबाट मैले आफ्नो शरीर निकै नै हल्का भएको अनुभव गरेको छु । साथै यस ध्यानले एकाग्र हुनमा मद्दत गरेको छ । यो ध्यान गर्नाले मेरो मनका फोहोर पनि केही मात्रामा हटेर गएको छ ।

यहाँको व्यवस्थापन पनि राम्रो छ । यहाँ बालकहरूको मनोरञ्जनका निम्ति विभिन्न खेलकुदहरू पनि राखिएका छन् । यसैगरी यहाँ खुवाउने व्यवस्था, यहाँको वातावरण र गुरु तथा धर्मसेवकहरूले गर्नुभएको कार्य ज्यादै राम्रो लाग्यो र यो कार्य पक्कै पनि प्रशंसा गर्न योग्य छ ।

यो संस्थामा आएर नै मैले धर्मको परिचय तथा परिभाषा बुझें । यहाँको वातावरण र गुरुको उपदेशले म मा भएका नकारात्मक भावनाहरू नाश भएर गएको छ । मानिसले जीवनमा सुखी बन्नका निम्ति यस ध्यानले कस्तो भूमिका खेल्छ भन्ने ज्ञान पनि मैले पाएँ । यहाँका सबैजनालाई म धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**– श्रीजन बज्राचार्य**

*(साभार- शिविरमा लेखिएको दैनिकीबाट उद्दृत गरिएको )*

*बु.सं. २५५०; २०६३ माघ; वर्ष-२३; अङ्क-१०*

# क्षान्ति र मैत्री - १६

*लेखक:* भिक्षु अश्वघोष, *अनुवादक:* वीर्यवती

**मैत्रीको ११ वटा फलहरू**

माथि उल्लेख गरे जस्तै मैत्रीको अभ्यास गर्न सक्यौं भने हामीलाई ११ वटा फाइदाहरू प्राप्त हुनेछन् भनी पालि (बौद्ध) साहित्यमा लेखिएका छन् ।

१) मैत्री चित्त बलियो हुने व्यक्तिको सुखपूर्वक निन्द्रा लाग्ने छ ।
२) आनन्द पूर्वक निन्द्राबाट बिउँझनेछ ।
३) नराम्रा र डरलाग्दा सपना देख्दैन ।
४) मानिसहरुको प्रिय व्यक्ति बन्न सक्नेछ ।
५) अमनुष्यहरुको पनि प्रिय व्यक्ति बन्न सक्नेछ ।
६) देवताहरुले रक्षा गर्नेछ ।
७) आगो र विष आदि जस्ता बिघ्न बाधाहरूबाट मुक्त हुन सक्नेछ ।
८) चित्त एकाग्र हुनलाई धेरै समय लिंदैन ।
९) अनुहार हँसिलो हुनेछ ।
१०) मरण अवस्थामा पनि बेहोश हुनेछैन ।
११) असल गति प्राप्त गरी ब्रह्मलोक सम्म जाने सौभाग्य प्राप्त गर्न सक्नेछ ।

**१) सुखं सुपति (सुखपूर्वक निन्द्रा लाग्ने)**

धेरै जसो व्यक्तिहरू निन्द्रामा घुर्ने, जथाभावी कराउने, मनपरि चल्दै टकियामा खुट्टा परेको पनि होश नराखी सुत्ने मानिसहरू पनि छन् । तर मैत्री चित्त भएका मानिसहरू निन्द्रामा जथाभावी चल्ने गर्दैनन् । पहिला जसरी सुतेको थियो त्यसरी नै रातभरी सुत्ने गर्छ ।

**२) सुखं पटिबुज्झति** (आनन्दपूर्वक निन्द्राबाट ब्यूँझनेछ)

कसैकसैलाई निन्द्राबाट ब्यूँझेर उठने वित्तिकै रिंगटा लाग्ने हुन्छ, कसैलाई हाई-हाई मात्र आई फेरि सुत्नु पर्ने जस्तो नरमाइलो भइरहन्छ । मैत्री चित्त बलियो भएका मानिसहरू सुतेर उठ्ने बेला कमलको फूल फुलेको जस्तो शरीर हलुका भइरहन्छ । अल्सि लागेको हुँदैन ।

**३) न पापकं सुपिनं पस्सति** (डरलाग्दो सपना देख्दैन)

धेरैजसो मानिसहरू सुतिराख्ने बेला निन्द्रामा नै चोर, डरलाग्दो सर्प, बाघ, भालु देख्यो भनेर, घर आगलागी भयो भनेर डरलाग्दो तरिकाले सपना देख्ने गर्छ । कोही व्यक्ति त निन्द्रामा नै चिच्याएर कराउने गर्छ । मैत्री भावना बलियो भएको व्यक्तिले यसरी डरलाग्दो सपना देख्दैन । ऊ सपनामा मनपरी कराउने पनि गर्दैन ।

**४) मनुस्सानं पियो होति** (मानिसहरूको प्रिय बन्छ)

कुनै कुनै व्यक्तिहरूको रीस उठ्ने बेला उनीहरूको अनुहार भिमसेनको अनुहार जस्तै भइरहन्छ । उसको अनुहार हेर्ने जति सबै व्यक्तिलाई अप्रसन्न पारिरहन्छ उसले । उसको अप्रसन्न अनुहारले गरेर अरुहरूको मन पनि बिग्रिने हुन्छ । तर मैत्री चित्त बलियो हुने व्यक्तिहरूको अनुहार गुलावको फुल जस्तै प्रसन्न भइर हन्छ । उसको अनुहार हेर्ने अरु व्यक्तिहरूको अनुहार समेत प्रसन्न हुन्छ । यो बानीले गरेर त्यस व्यक्तिलाई धेरैजसोले मन पराउने हुन्छ ।

**५) अमनुस्सानं पियो होति** (अमनुष्यहरूले पनि मनपराउँछ)

धेरै जसो ठाउँमा नाना प्रकारका अमनुष्य भय छ भनिन्छ । बुद्धकालिन समयमा पनि यस्तै कुरामा विश्वास गरिन्छ । विसाख भन्ने एक भिक्षु गाउँमा वर्षावास बसी मैत्री भावनाको अभ्यास गरिरहेको थियो वर्षावास ३ महिना नाघे पछि उ गाउँबाट फर्कने तरखर गरिरहेको बेलामा एक केटी (देवता) रोइरहेकी थिइन् । यो देखी भिक्षु विसाखले सोधेछ– किन रोइरहनु भएको ? देवीले भनिन्– तपाईं यहाँ ३ महिना बस्नु हुँदा अमनुष्य भय, झैझगडा आदि केही हुन पाएन । एकदम उद्धण्ड र चण्ड स्वभावका मानिसहरू पनि एक आपसमा मेल मिलाप गरी शान्त पूर्वक दिन विताइ रहेका छन् । त्यसैले तपाईं यहाँबाट नफर्किनु भए बेश हुन्थ्यो । यस घटनाले मैत्री चित्त बलियो भएको व्यक्तिलाई अमनुष्यहरूले पनि मनपराउँदो रहेछ भन्ने कुरो बुझाउँछ ।

**६) देवता रक्खति** (देवताहरूले रक्षा गर्दछ)

यो घटना बुझाउनको लागि बुद्धकालिन घटना एउटा प्रस्तुत गर्दैछु । बुद्धकालिन समयका ५०० जवान भिक्षुहरू एकपटक हिमालय तर्फ घुम्न गएका थिए । वर्षावास (चतुर्मासको समय) बस्ने समय पनि भएको थियो । एकठाउँमा पानीको झरना पहाड, नदी आदि रमणिय वातावरण भेटिएपछि उनीहरूले त्यहिं केही दिन विताई नजिकैको करीब एक हजार जति घर भएको गाउँमा गए । त्यस गाउँका मानिसहरूले भिक्षुहरु दर्शन गर्न नपाइराखेको र धर्मदेशना सुन्न नपाइराखेकोले भिक्षुहरू देख्ने वित्तिकै रमाउँदै उनीहरूलाई (भिक्षुहरूलाई) स्वागत गरे । तुरुन्त बस्ने ठाउँको प्रबन्ध मिलाइदिए । थुप्रै रुखहरू भएको जंगलमा कुटीहरू बनाइदिए । भिक्षुहरू त्यहाँ बसेपछि त्यस जंगलका रुख माथि बस्ने देवताहरू सबै तल झर्नु पर्‍यो । उनीहरूका बच्चाहरू समेतलाई तल भूईंमा राख्न पर्‍यो । भिक्षुहरूको गुण ती देवताहरूको गुण भन्दा पनि माथिल्लो दर्जाको भएको कारणले गर्दा देवताहरू रुख माथि बस्न नसकेको हो । ती भिक्षुहरू दुई



Downloaded from http://www.dhamma.digital

चार दिन मात्र त्यस जंगलमा रहने होला भन्ने ठानी देवताहरू तल बस्न परेपनि सहेर बसेका थिए । तर ती भिक्षुहरू सबै एक ठाउँमा जम्मा भई तिन महिनासम्म राम्ररी शील पालन र ध्यान भावना गरी क्लेश (नराम्रा कुभावहरू) हटाई ज्ञान लाभ गरौं" भन्ने विषयमा सल्लाह भयो । यस्तो कुराकानी भएको ती देवताहरूले सुनेछ र ती देवताहरू बीच "यी भिक्षुहरू त महिनौं महिना सम्म यहीं रहने भएछन् । अब हामीलाई तकलिफ हुने भयो । अब यी भिक्षुहरूलाई तर्साएरै भएपनि यहाँबाट भगाउनु पर्‍यो ।" भनी सल्लाह भयो ।

स्थानिय उपासक उपासिकाहरूले भिक्षुहरूलाई चाहिने जति खाद्य पदार्थ र आवश्यक व्यवस्थाहरू मिलाई दिए । तर राती राती डरलाग्दो तरिकाले तर्साउन आउने, डरलाग्दो शब्द सुनिने, दुर्गन्धहरू सुँघ्नु पर्ने आदि कारणले गर्दा भिक्षुहरूलाई शान्ति भएन । भिक्षुहरू पनि नयाँ परेकोले उनीहरूको मन कमजोर खालको थियो । त्यसैले उनीहरू तर्से । फलस्वरूप उनीहरू दुब्लाउँदै गए । राती यसरी तर्साउन आउने कुरो उनीहरूले कसैलाई भनेनन् । तर्सिएर मात्र बसे । भिक्षुहरू दुब्लाउँदै गएको देखी जेठो र प्रमुख महास्थविर भिक्षुले सबै भिक्षुहरू जम्मा गरी सोधे किन तिमीहरूलाई यहाँ के अनुकूल मिलेन ? खाने पिउने प्रबन्ध त राम्ररी नै मिलि रहेको छ । तर तिमीहरू सबै किन यसरी दुब्लाउँदै गएको ? अनि भिक्षुहरूले उनीहरूलाई घटिरहेको घटना बारे विस्तारै वर्णन गर्दै ल्याए । कसैले भने– राती डरलाग्दो शब्दहरू सुनिन्छ । डरलाग्दा दृश्यहरू देखिन्छन् । फेरि सहनै नसक्ने दुर्गन्धहरूले भरेको हावा आउने गर्छ । यसले गर्दा हाम्रो मनमा शान्ति छैन । यी कारणहरूले गर्दा राती निन्द्रा नै लाग्दैन । तर लाजको कारणले हामीले कसैलाई पनि यस घटना विषयमा बताएका छैनौं ।

प्रमुख भिक्षुले भने "त्यसो भए यो ठाउँ वर्षावास बस्न अनुकूल छैन । हामी सबै यहाँबाट फर्कौं ।" सबै जना जेतवन विहारमा फर्के ।

यो देखेर भगवान बुद्धले उनीहरूलाई सोध्नु भयो– "तिमीहरू वर्षावास बस्ने भनी गाउँमा गएका थियौ । किन फर्क्यौ ? वर्षावासको समयमा त्यसरी हिंडडुल गरिरहनु हुँदैन ।"

भिक्षुहरूले भगवान बुद्ध समक्ष सबै कारणहरू खुलस्त बताए । भगवान बुद्धले विचार गरेर भन्नु भयो– तिमीहरूलाई त्यस स्थान बाहेक अर्को स्थान अनुकूल छैन । तिमीहरूसंग मैत्री चित्त बलियो छैन । मन पनि कमजोर छ तिमीहरूको यही कारणले गर्दा तिमीहरू त्यहाँ बस्न सकेनौ । त्यसैले तिमीहरू सबैले आ-आफ्नो मन बलियो पार्न मैत्री भावना गर्नु । मैत्री चित्त बलियो पार्नु । बेलुकी पख सधैं तिमीहरू एक स्थानमा जम्मा भई मन शुद्ध पार्दै मैत्री सूत्र पाठ गर्नु । मैत्री भावना पनि गर्नु । यति गरे तिमीहरूलाई केही पनि हुँदैन । मन काथर हुनैछैन ।

भिक्षुहरू सबै बुद्धको आज्ञानुसार त्यहीं गई विधिपूर्वक मैत्री भावना गरे । मन शुद्ध र बलियो बनाए । त्यहिबेला देखि कसैलाई केही पनि भएन । देवताहरू र अरुले पनि उनीहरूलाई मान सम्मान पूर्वक रक्षा गरे भन्ने कथन छ । (आजभोली मात्र देवताहरू कतै टाढा गएर बसेको होकि कुन्नि)

**७) नास्स अग्गि वा विसं वा सत्थं वा कमति**

(आगो, विष र शस्त्रले छुँदैन)

मैत्री चित्त बलियो हुने व्यक्तिलाई आगो र विषले छुँदैन । पुस्तकमा उल्लेखित घटनाहरू अनुसार उत्तरा भन्ने उपासिकालाई उम्लिरहेको घ्यूले पोलेन,, संयुक्त भाणक चूलसिव भिक्षुलाई आगोले छोएन, संकिच्च श्रामणेरलाई शरीरमा हथियारले छोएन भनिएको छ । मैत्री चित्त बलियो हुने व्यक्तिको शरीरमा आगो, विष, शस्त्र प्रहार गरेपनि पीडा, कष्ट हुँदैन अर्थात त्यसले सहन सक्ने गुण वृद्धि गर्न सक्छ । यहाँ उत्तरा उपासिकाको घटना प्रस्तुत गर्दैछु ।

उत्तरा नाम गरेकी उपासिका राजगृह नगरका पूर्णक सेंठकी छोरी थिइन् । ती केटी भगवान बुद्धको उपदेश सुनी आफ्नो व्यवहार सुधारी स्रोतापन्न ज्ञान प्राप्त गर्न सफल भएकी थिइन् । अर्थात उनी ज्ञानको एक तह पार गर्न सफल भइसकेकी थिइन् । उनीमा अन्धविश्वास थिएन । म र मेरो भनी आशक्त हुने भावना पनि हटाइसकेकी थिइन् । त्यति मात्र होइन नचाहिंदा शंका उपशंकाहरू पनि हटाइसकेकी थिइन् । ती केटी जवान भइसकेपछि उनीलाई राजगृहका एक महाजनको छोरोसंग विवाह गरिदिए । त्यस महाजन भने अबौद्ध रहेछ । उत्तरा भने बुद्धशिक्षाको अनुयायी मात्र होइन स्रोतापन्न भएकी हुँदा अचल श्रद्धा सम्पन्न, भएकी र बुद्ध धर्म र संघको गुण सम्भी, उपदेश सुनी दान दिई गुण धर्म पूजा गर्नु पर्ने केटी थिइन् । विचार धारा नमिलेको कारणले उत्तरालाई मनमा दु:ख अनुभव भयो । जीवन नरमाइलो भयो । त्यसैले त्यस उपासिकाले आफ्नो बुबालाई चिठ्ठी लेखीछ - "मेरो प्यारो बुबा ! मलाई कस्तो ठाउँमा दिइ पठाउनु भएको , यहाँ आएदेखि भगवान बुद्ध र भिक्षुहरूको दर्शन गर्न पाएकी छैन मैले । धर्म देशना सुन्ने मौका पाइन । दान प्रदान गर्ने कार्य त कता कता । बरु मलाई कतै बौद्धहरूको घरमा दासीको रुपमा राखिदिएको भए राम्रो हुने थियो । त्यहाँ भए धर्म कर्म त गर्न पाइन्थ्यो ।

*क्रमश:*

# धम्मपद- १९८

■ रीना तुलाधर *'परियत्ति सद्धम्म कोविद'*

**न वाक्करणमत्तेन-वण्ण पोक्खरताय वा**
**साधुरुपो नरो होति-इस्सुकी मच्छरो सठो**

***अर्थ-*** इर्ष्यालु, कपटी, जाली व्यक्ति राम्रा वक्ता वा रूपवान हुँदैमा साँच्चै रूपवान भनिन्दैन ।

**यस्स चे तं समुच्छिन्नं-मूलधच्चं समूहतं**
**स वन्तदोसो मेघावी-साधुरुपोति वुच्चति**

***अर्थ-*** यस्ता कुस्वभाव सबै जरैदेखि उखेली निर्दोषी मेधावीलाई नै रूपवान् भनिन्छ ।

उपरोक्त गाथाहरू भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा केही भिक्षुहरूको कारणमा भन्नु भएको थियो । एक दिन केही स्थविरहरूले अरु स्थविरका चेलाहरूले आ-आफ्नो आचार्यहरूको चीवरमा रंग लगाउने, अन्य सेवाहरू गर्ने गरीरहेको देखेर सोचे हामीलाई भने काम परेको बेलामा सहायता गर्न आउने कोही छैन । ती स्थविरहरूले आफूहरूको लाभ सत्कार बढाउने निहुँले भगवान बुद्ध समक्ष यसरी बिन्ती चढाउन गए– "भन्ते हाम्रो काम पर्ने बेलामा तरुण श्रामणेर भिक्षुहरूले अरुसँग गएर पाठ सिकेर आएको भएतापनि हामीसँग आज्ञा नलिई घोक्ने, सुनाउने नगर्ने आज्ञा बनाईदिनोस् ।" तिनीहरूको कुरा सुनी तथागतले सोच्नु भयो– "यस शासन परम्परामा यस्तो भन्न मिल्छ । तर यिनीहरू लाभ सत्कार बढाउने निहुँमा यस्तो भन्दैछन् ।" यस्तो सोची तथागतले भन्नुभयो– "मैले तिमीहरूलाई राम्रो वक्ता हुँदैमा साधु-रुप मानेको छुइन । अरहत मार्गमा लागी जसले इर्ष्या र अरु खराब स्वभावहरू जरैदेखि उखेली सकेको हुन्छ, उसैलाई म साधु-रुपकार असल, उत्तम, व्यक्ति मान्दछु ।" यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नुभयो । ■

## मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार, बनेपालाई सहयोग

बनेपा मैत्री केन्द्र बालआश्रम ध्यानकुटीलाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली:–

| | |
|---|---|
| १. मोहनमाया शाक्य ल.पु. | रु. १०००।- |
| २. रञ्जना तुलाधर | रु. १०००।- |
| ३. बाबुराजा तुलाधर, ग्लास हाउस असन | रु. ५००।- |
| ४. आनन्द वज्राचार्य | रु. १०००।- |
| ५. विजयराज प्रकास गंगा खड्गी (साये भोजन दान) | रु. ८००।- |

# धर्मरत्न दाइयात श्रद्धाञ्जली

■ सुश्री चन्द्रशोभा शाक्य
*सरस्वती नघी, यल*

याक:छ्यैं खल:या कुलपुत्र
धर्मया रत्न धायेका जन्म जुम्ह
क्यातुगु वैंसनसें लय्लय् ताता
धर्मया लँय् न्ह्यब्वाय् न्ह्याम्ह
बुद्ध धर्मया चीं धस्वाकेत:
फुक्व थासय् नं ग्वाहाली याज्वीम्ह
वसपोल धर्मरत्न दाइयात श्रद्धाञ्जली

नांयात ल्वय्क ज्यानं क्यनीम्ह
थ:गु कुल, थ:गु संस्कृति व थ:गु भाय्यात मतालिसम्ह
धर्मया रसपान याकेगुली धर्म सफु व म्यें पिथनाज्वीम्ह
न्ह्याम्ह: भिक्षु व गुरुमापिन्त मैत्री व आदर तया ज्वीम्ह
श्रद्धेय धर्मरत्न दाइयात श्रद्धाञ्जली

बुद्धधर्मया लिधंसा बाया त्रिशुलीया छ्या:गु विहालय् नं थाकु मचाम्ह
धर्म प्रचारया लागी आपालं दु:ख सिया ज्वीम्ह
नेवा संस्कृति म्वाकेया लागी आपालं बाजागाजा सुसादीजुम्ह
शील्पकार दयेकेत हयाय् चाइम्ह
पुलांगु संस्कृति न्हनावनी धका न्ह्याबलेंय् धन्दा धयाज्वीम्ह
वसपोल धर्मरत्न दाइयात श्रद्धाञ्जली

समाजय् मनुजुया म्वायेत मदयेकं मगा:गु चरित्रवान शिक्षा
तथागतं क्यना थका बिज्याइगु त्रिपिटकया संक्षिप्त शिक्षा
बौद्ध परियत्ति शिक्षाया चिं स्वनेगु लागी
तन, मन व धनं ग्वाहाली बिया ज्वीम्ह
बुद्धधर्मया मत दीप प्रज्वलीत यायेगुली
जीवन पर्यन्त इरू थिरू ज्वीम्ह
वसपोल धर्मरत्न दाइयात श्रद्धाञ्जली



Downloaded from http://www.dhamma.digital

# आदर्श र यथार्थ

■ प्रा.डा. गणेश माली

संसारमा विभिन्न धर्महरू छन् । विभिन्न देश, समय र परिस्थिति अनुसार मान्छेहरूको हित र सुख गर्ने उद्देश्य लिएर नै विभिन्न धर्महरू प्रवर्तन, प्रचार, प्रसार भएका हुन् । समय वित्दै जाँदा धर्महरूमा पनि परिवर्तन आउँदै गरे, शाखा प्रशाखाहरू बने, तर मूल उद्देश्य मान्छेहरूको हित र सुख नै रहेका छन् । त्यस्तै विभिन्न समयमा विभिन्न राजनैतिक व्यवस्थाहरू निस्के, विभिन्न वादहरू निस्के । विभिन्न समयमा विभिन्न राज्य व्यवस्था ऐन कानूनहरू बने । विभिन्न व्यवस्थाहरूको मूल उद्देश्य, जनताको हित सुख नै थियो र रहेको छ ।

यस संसारमा धर्महरू र राज्य व्यवस्थाहरूको वावजूद हामीहरू दुःख र अशान्तिको आगोमै जलीरहे छौं ।

यसो किन भयो ?

यसो हुनमा मुख्य तीन कारणहरू छन्–

**(१) पाशविक प्रवृत्ति**

आदिन काल देखि, जंगली राज्यको अवस्थामा र सो भन्दा पछि आजसम्म पनि पशुहरूको प्रवृत्ति मान्छे जातिको अभिन्न स्वभावको रूपमा रहेको छ ।

समूहमा तथा समाज वनाएर वस्नु, अन्य जनावरहरू वा शत्रुहरूसंग एक जूट भएर लड्नु तथा विजय हासिल गर्नु शक्तिशाली हतियारहरू निर्माण गरी आफू भन्दा कमजोर हरूको राज्य जिती आफ्नो गर्नु, आफू भन्दा कमजोरलाई दमन गर्नु, शक्तिको भक्ति गर्नु र आफू भन्दा वलियाको कदर भक्ति गर्नु आदि यस प्रवृत्ति का लक्षणहरू हुन् ।

**(२) विखण्डन प्रवृति**

म, मेरो, तँ, तेरो, यो मेरो, यो तेरो गर्दै विखण्डित भएर जानु, परस्पर डाहा इर्ष्या उत्पन्न हुनु, काम, क्रोध, लोभ, राग, द्वेषादि वृत्तिहरू उत्पन्न भई आफू र आफ्नो भन्दा अरू र अर्काको बीच भेद भाव गर्नु यस प्रवृत्तिका लक्षणहरू हुन् ।

विभिन्न राज्यहरू बीच युद्ध हुनु, विभिन्न धर्महरू बीच संघर्ष हुनु, विभिन्न वाद हरू वीच विवाद हुनु, एकै आमाका संतानहरू बीच एक टुक्रा जग्गा वा घरको लागि झगडा हुनु, इत्यादि सवैमा यस प्रवृत्ति हावी रहेको हुन्छ ।

पाशविक प्रवृत्ति र विखण्डन प्रवृत्ति एक अर्काको परिपूरक हुन्छन् ।

**३) जनसंख्या वृद्धि**

जन संख्या वृद्धि प्रकृतिको एउटा क्रूर खेल हो । स्रोत साधन भन्दा उपभोक्ताको संख्या बढ्दै जाँदा संघर्षको सूत्रपात हुन्छ, युद्धहरू हुन्छन्, विखण्डन र पाशविक प्रवृत्तिलाई टेवा मिल्छ । कुकर्म, भ्रष्टाचार आदि बढ्छन् ।

माथि उल्लेख गरिएका कारणहरूको अप्रत्यक्ष फलहो – शक्ति र धन प्रति तीव्र तृष्णा, गहिरो आसक्ति । मान्छेहरूको जीवन धान्न र आधारभूत आवश्यकता पूरा गर्न केही शक्ति र धन त आवश्यक हुन्छ नै, तर शक्ति र धनको चाहको कुनै सीमानै हुँदैन ।

सार संक्षेपमा भनूँ भने, हाम्रा नसा नसामा व्यास यी प्रवृत्तिहरू तथा जनसंख्या विस्फोटको मारले गर्दा अनेक धर्महरू भए पनि धर्महरूको सारलाई एकातिर फ्याँकी धार्मिक संस्कारहरूलाई लिएर तेरो मेरो भन्दै झगडाहरू भैरहन्छन्, धर्मयुद्धहरू भैरहन्छन्, अनेक राज्य व्यवस्थाहरू भए पनि विशेष गरी शक्ति र धनको उच्च आसनमा बस्नेहरूबाटै व्यवस्था मिच्ने कामहरू भैरहन्छन्, न्यायालयहरूमा वा अड्डाहरूमा नियम विपरित भ्रष्टाचार भैरहन्छन् । फलस्वरूप मान्छेहरूमा एउटा यस्तो भ्रम फैलिन थाल्छ कि शक्ति र धनको सहाराले नियमित वा अनियमित जस्तो सुकै काम पनि वन्न सक्छ ।

उपरोक्त तीन कारणहरू बाहेक अरु पनि केही कारणहरू छन् जसले गर्दा दुःख र अशान्ति सृजना हुन्छ । जस्तै अन्ध विश्वासहरू, वास्तविक सत्यको ज्ञान नहुनू, फजूलको संस्कार र आडम्वर, इन्द्रियहरूमा असंयम, प्रमाद आदि । यिनीहरू सवैले पनि मान्छेलाई पतन तिर डोऱ्याएर लैजान्छन् ।

हामी भित्र यी प्रवृत्तिहरू (पाशविक प्रवृत्ति विखण्डन वृत्ति, र वढी सन्तान उत्पादन गर्ने क्षमता) प्रकृतिले नै खँदिर भरीदिएको हुनाले, यी प्रवृत्तिहरूबाट मुक्ति पाउन् हामीले आँफैलाई बदल्नु अत्यावश्यक छ । हामी भित्र यी प्रवृत्तिहरूले जन्माएका काम क्रोध लोभादि को मूललाई नष्ट गरी यी प्रवृत्तिहरू माथि विजय पाउन एउटा सुगम मार्ग भगवान बुद्धले हामीलाई महासतिपट्ठान सुत्त (महास्मृति प्रस्थान सूत्र) मा देशना गर्नु भएको छ जस्लाई विपस्सना (विपश्यना) ध्यान पनि भनिन्छ । विपश्यना ध्यानलाई मनको क्लेश वा विकार (काम, क्रोध, लोभादि) समूल हटाउने अचूक औषधि मानी आएको छ । जवसम्म हामीले आफैलाई बदल्दैनौं यो संसार यसरी नै चलीरहन्छ । र आश्चर्यको कुरा त यो छ कि यसप्रकार हुँदै जाने परिवर्तनहरूलाई नै हामी विकास संझी रहन्छौं ।

यो पनि संभव छ कि इतिहासले नै हामीलाई तृतीय विश्वयुद्ध हुनू अगावै पाशविक प्रवृत्ति त्यागी मैत्री करूणा मुदिता उपेक्षा आदि मानवीय प्रवृत्ति अपनाउने, विखण्डन प्रवृत्ति त्यागी, एकता र समताको मार्ग अपनाउने, त्यस्तै बहुसन्तानको चाहना त्यागी एकै सन्तानमा सन्तुष्ट रहने पाठ सिकाउने छ । तर यी पाठहरू सिक्न शायद हामीले ठूलै मूल्य चुकाउनु पर्ने हुन सक्छ । तर के यस विश्वका शक्ति शाली र धन वान् देशहरूले यी पाठहरू सजिलै सित सिक्लान् त ? इतिहासले यस प्रश्नको जवाफ दिनेनैछ । अस्तु !

# जहाँसम्म भय हुन्छ त्यहाँसम्म भगवान् पाइन्न

■ नरेन्द्रनाथ भट्टराई

झट्ट यो उद्‌गारलाई पढ्दा कस्तो कस्तो लाग्छ, किनभने भय देखाएर भगवान्‌को पूजा प्रार्थना गर्न लगाउने अनि भयबाट बच्नको लागि भगवान्‌को आराधना गर्ने बानी परेका मानिसलाई भयमा भगवान् छैन भन्दा चित्त नबुझ्नु पनि ठीकै हो तर यो कुरा पक्का छ, त्रास रहुन्जेल भगवान् पाइन्न ।

एक समयको कुरा हो, भगवान् बुद्धका एकजना उच्चतम श्रेणीमा पुगेका चेला उ विकट डाँडोको टुप्पोमा मनन, चिन्तन, ध्यान गरेर बस्थे । एकपटक एकजना भगवान् बुद्धकै मुमुक्षु भिक्षु त्यो डाँडोमा बस्ने भिक्षुको दर्शन गर्न गए । डाँडो चढ्दै थिए, आश्रम आइपुग्ने बेलामा एउटा भालु देखेर डराएर जोडसँग उकालो उक्लेर स्वाँ स्वाँ, फ्वाँ फ्वाँ गर्दै, असिना, पसिना हुँदै पुगे ! ती जंगलमा बस्ने भिक्षु त्यसबखत एउटा चट्टानमाथि बसिरहेका थिए । आगन्तुक भिक्षुलाई 'तपाइँ कहाँबाट किन आउनु भएको र यस्तो असिना पसिना भएको ? भनी सोढ्दा, 'तपाइँको दर्शन गर्न, ज्ञान सिक्न आएको थिएँ बाटोमा भालु देखेर भालुबाट बच्न उकालोमा दौडँदा यस्तो भएको हो' भने । त्यो कुरा सुनेर डाँडोमा बस्ने भिक्षुले हाँस्दै भने, "हेर भिक्षु ! जहाँसम्म मनमा भय हुन्छ, तबसम्म अज्ञानी नै हुन्छ, मोक्ष मिल्दैन ।" यति सुनेपछि ती भिक्षुले, "म प्यासले मर्न आँटिसकें पहिले पानी खान दिनुहोस् अनि तपाइँको उपदेश सुनुँला" भने । पानी लिन भनी ती भिक्षु झुपडीभित्र पसे । त्यसै बेलामा ती आगन्तुक भिक्षुले भुइँबाट एउटा ढुंगाको टुक्रा लिएर ती भिक्षु बस्ने गर्नु भएको चट्टानमा 'नमो बुद्धाय' भनेर ठूलो ठूलो अक्षरले लेखिदिए । कुटीबाट पानी लिएर आएर पानी दिइसकेर यसो चटानमा बस्नको लागि खुट्टा राख्न मात्र लागेका थिए हच्केर खुट्टा झिके । त्यो देखेर आगन्तुक भिक्षुले भने, 'भालु देखी डराएको मलाई तपाइँले भय र हुञ्जेल अज्ञानी नै भइन्छ, मोक्ष मिल्दैन भन्नुभएको थियो तर तपाइँ पनि त त्यो चट्टानमा लेखिएको अक्षरसँग डराएर हच्कनु भयो । के त्यो भय होइन र ?" यो कुरा सुन्दा ती भिक्षु आगन्तुक भिक्षुको चरणमा परेर, मेरो अन्तिम क्लेश तपाइँले हटाइदिनुभयो, मेरो आँखा खुलाइदिनु भयो । तपाइँले भन्नुभएको बिल्कुलै सही हो । भय, जोसुकैको भए पनि भय नै हो चाहे भगवान्‌को होस् चाहे भालुको भय केही फरक छैन । भनिन्छ तिनै भिक्षुले पनि ज्ञान प्राप्त गरेर बर्मा, चीन, जापानमा व्यापक रूपले ज्ञानको ज्योति फैलाए ।

> रात र दिन जति सत्य छ त्यति नै सत्य सुख र दुःख पनि छ । दिनपछि रात र रातपछि दिन हुन्छ, त्यसैगरी सुखपछि दुःख र दुःखपछि सुख पनि हुन्छ तर सूर्यमा जसरी न दिन हुन्छ न रात हुन्छ, सूर्य सदा प्रकाशमान हुन्छ, त्यसैगरी आत्मामा पनि सुख-दुःख केही हुँदैन, सदासर्वदा सत्‌चित आनन्दघन प्रकाशमात्र हुन्छ ।
>
> साभार परमात्माको दर्शन (चिन्तनबाट)

अभय भगवान्‌को प्रसाद हो । अभयको प्रसाद बर्सेपछि भगवान् प्राप्तिमा ढिलाइ कत्ति पनि हुँदैन । चोरी, ढाँट-छल तथा हिंसा गर्न नडराउने मानिस अभयी हुँदैन । यस्ता त केवल दुष्कृत्य गर्ने नीडर र निर्दयी मानिसमात्र हुन्छन् । यस्ता नीडर मानिस नै सबभन्दा बढी भगवान्‌को भयले अनेक दान, पूजा, प्रार्थना, तीर्थयात्रा आदि गरेर पाप पखाल्न खोज्दछन् । अभयको मतलब हो शरीर, मन, बुद्धि, धन-सम्पत्ति, मान, पद आदिको लाभ हानीमा कत्ति पनि, केही पनि असर नपर्नु । ■

### बौद्ध नीति : अमृत हिति

प्रशंसा अथवा निन्दां मजू समता खण्डित ।
थ:गु प्रज्ञाय क्वातुन्ह वपात धाइ परिवृत ॥
सुख वा दु:खया बेलय् मजू गुम्हे निरन्तर ।
सयेकाथें समाधिस चित्त थीर निरन्तर ॥
दम्बि म्वा:थें ताआयुसां कवें-चिनें निरर्थक ।
पल्पसा थें पेखें त्वयूके फ:सा जीवन सार्थक ॥
खँ जक यक्व ल्हाय् स:सां मया:सा यदि आचरण ।
ममकार अहंकार जूवनी प्रमाद कारण ॥
आशक्तिं सायेका या:गु दानतं ज्वीफु पातक ।
लाभ अलाभया च्युता: मदुसा सुखकारक ॥
व्यर्थया खँ मल्हा: सुनां ल्हाइ माम्ह:गु [illegible] जक ।
सारपूर्ण खँलाबला जुइ येपिन्त प्रेरक ॥
ख्वा:पाया:थें तपा: ख्वालं प्वींगु कुमानि घातक ।
नां चीधंसां नुग: त:फा: हनेज्या पुण्य दायक ॥

■ [illegible] तुलाधर



Downloaded from http://www.dhamma.digital

# बिराटनगरमा बौद्ध जागरण

■ केशरी बज्राचार्य

काठमाडौं उपत्यकाबाट बाहिर गएका नेवार समुदायका बौद्धहरू पूर्वाञ्चलको टक्सार-भोजपुर, चैनपुर आदी ठाउँमा स्थायी बसोबास गर्न थालेपछि यी ठाउँहरूमा धर्मप्रचारको कार्य पनि संगसंगै भएको देखिन्छ । पहाडी इलाकाका यी समुदाय तराई क्षेत्रका धरान, बिराटनगर, उर्लाबारीमा आएर बसोबास गर्न थाले पनि बौद्ध जागरण चाहिं आउन सकेको थिएन । यस्तो अवस्थामा खासगरी बौद्ध समुदायका मानिसहरू सामूहिक रूपमा बौद्ध गतिविधिमा अगाडि आउन सकेका थिएनन् । काठमाडौं उपत्यकाबाट पहाडी इलाकाहरूमा ब्यापार ब्यवसायमा गएका बौद्धहरू छरिएर रहनु स्वाभाविक पनि थियो । यति हुँदाहुँदै पनि यी बौद्ध समुदायमा आफ्नो धर्म र संस्कृतिप्रति आस्था र विश्वास चाहिं कायम थियो । यही कारण यिनीहरूले घरघरमा अपनाउने बौद्ध उपासनाविधिहरूलाई साँस्कृतिक रुपमा अंगाली राखे । सप्तकोशी नदी उपत्यकाको बराहक्षेत्र हुँदै धरान भर्ने टक्सार-भोजपुरका नेवार बौद्धहरूको नयाँ कर्मथलो धरान र विराटनगर भयो । समय परिस्थिति अनुसार बौद्धहरू नयाँ बसोबास थलोमा आएर एक प्रकारले हराए भैं भए पनि यिनीहरूमा निहित बौद्ध उपासनाविधि र भावना चाहिं हराएको थिएन । यही कारण अहिले आएर धरान र विराटनगरमा बौद्ध जागरण खुलस्त रुपमा देखिएको छ ।

पूर्वाञ्चलमा सम्बत् १९९० सालतिर नै बौद्ध जागरण आउनुमा धर्मप्रचारको सिलसिलामा भोजपुर पुगेका भिक्षु महाप्रज्ञा, भिक्षु अमृतानन्द र भोजपुरमा नै जन्मेर बुद्धधर्मको देशव्यापि प्रचार गर्नुहुने भिक्षु शाक्यानन्द, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मी, भिक्षु विवेकानन्दहरूको बौद्ध चेतना र धर्मप्रचारका कारण वास्तवमा तराई प्रदेशको सुनसरी धरान र विराटनगरमा बौद्ध जागरणले गति लिनुमा काठमाडौं उपत्यकाबाट बाहिरीएका नेवार बौद्धहरू अथवा भोजपुर, चैनपुरबाट आएका नेवार बौद्धहरूका कारण विराटनगर अहिले पूर्वाञ्चलकै बौद्ध जागरणको मुल थलो बनिरहेको देखिन्छ । किनभने पहाडी बस्तीहरूमा अहिले नेवार बौद्ध समुदाय तराईतिर पलायन हुँदै रित्तिदैछ । यसको मूलकारण रोजगारीको उचित अवसरको कमी, शान्ति सुरक्षा शिक्षादिक्षा, स्वास्थ्य सुबिधाको अभाव नै हो । पहाडको सीमित जग्गा जमिनको उब्जनीबाट परिवारको गुजारा नचल्ने भएपछि विस्थापन हुनु स्वाभाविक पनि हो । विराटनगर नेपाल कै दोस्रो ठूलो औद्योगिक नगर भएकाले पहाडको भन्दा सबै कुरामा सुविधा सहुलियत बढी भएकै कारण नेवार बौद्ध समुदायको आकर्षण बढेको हो भन्नु अत्युक्ति हुने छैन ।

**बौद्ध गतिविधिमा हात**

विराटनगरको बौद्ध गतिविधिमा जागरण ल्याउन कसको बढी हात छ भन्ने विषयमा केही भनिहाल्नु भन्दा पहिले निकै होस् पुऱ्याउनुपर्ने हुन्छ किनभने यो निकै समवेदनशील कुरा पनि हो त्यसैले यो चर्चालाई अन्यथा नठानी विराटनगरमा जन्मेको नाताले केही लेख्ने मन भएकोले मात्र यो चर्चा गर्ने आँट गरेकी हुँ । यसमा कसैलाई उचाल्ने र तल पार्ने मनसाय चाहिं कदापि होइन । विराटनगरको बौद्ध जागरणमा बौद्ध भावना भएका कृयाशील व्यक्तित्वहरूको सह्राहना गर्नु अरु कसैलाई होच्याउनु पनि होइन । मलाई उहाँहरूमा उत्पन्न धर्मचित्तको प्रशंसा गर्न मन भएकोले मात्र यो चर्चा गरेकी हुँ ।

बुद्धले भन्नु भएको छ– **"नजच्चा वसलो होति कम्मना होति ब्राह्मणो"** कर्मले नै मानिस असल बन्छ कर्मले नै मानिस महान र कर्मले नै मानिस दुर्जन पनि बन्छ । यस्ता कर्मले असल बन्ने मानिसहरू हाम्रो समाजमा नपाइने होइन । माथि मैले उल्लेख गरेका नेवार बौद्धहरूमा जत्तिकै बौद्ध भावना भएका अझ बढी श्रद्धाचित्त भएका विराटनगर निवासी समाजसेवी श्री चिरञ्जिवी दाहालले विराटनगरमा बुद्ध विहार निर्माणगर्न आफ्नो छ कट्ठा जग्गा निशुल्क दान गरेर पुण्य कमाउनु भएकोछ । बुद्धधर्म संस्कृतिमा दानको निकै महत्व छ । आफुले शुद्ध चित्तले गरेको दानको पुण्यफल पछि आफैलाई प्राप्त हुन्छ । जुनसुकै बस्तु दानगर्दा पनि उत्तम र शुद्धपात्रलाई गरिनुपर्दछ भन्ने बुद्ध शिक्षा अनुसार सबैको लागि उपयोगमा आउने बुद्ध विहार निर्माणकार्य पनि एउटा पुण्य कार्य नै हो । यस आधारमा बुद्धको उपदेश कुनै एक जाति वा वर्गको लागि मात्र नभई सबै मानिसहरूका लागि हो भन्ने कुरा यस किसिमका पुण्य कार्यहरूबाट पनि सिद्ध हुँदै आएको छ ।

विराट बौद्ध संघको स्थापना गर्नमा दिवंगत श्रीसिद्धिमानपति शाक्यको सक्रियतालाई कदापि बिर्सन सकिदैन । उहाँहरूको प्रयासमा विराटनगरमा संघ स्थापना

भएपछि विहार निर्माणका लागि जग्गा प्राप्ती तर्फ भएको प्रयास पनि सह्राहनीय छ । विहार निर्माणमा तन मन र धनले सहयोग गर्नेहरूको लस्कर निकै लामो रहेको देखिन्छ । यसमध्ये भोजपुरमा जन्म भई विराटनगरलाई कर्मथलो बनाउने हालका विराटबौद्ध संघका अध्यक्ष धर्मकुमार हलवाई तथा उपाध्यक्ष मोहन प्रसाद शाक्य, सचिव सत्यनारायण ताम्राकारहरू लगायत विशिष्ट दाताहरूमा श्री ललित बहादुर हलवाई, श्री मोहनराज नेपाली, श्री मोतीकृष्ण ताम्राकार स्व. श्री हरिकृष्ण ताम्राकार, श्री नरेशसम्पत्ती शाक्यहरूले विहार निर्माण कार्यमा उल्लेखनीय रकम तथा आवश्यकीय सामानहरू विहारलाई उपलब्ध गराउनु भएर विहारलाई सार्वजनिक बौद्ध उपासना स्थलकोरूपमा विकास गर्न सफल भएको छ । मानिसहरू आउँछन् जान्छन् तर विहारजस्तो पवित्र स्थल सबैका लागि पछिसम्म रहिरहन्छ । त्यसैले मानिसले त्यस्तो कामगर्नु पर्दछ जसले सबैको हित र कल्याणमा सहयोग गर्दछ ।

विहार निर्माण कार्यमा देखिएको यो सहयोग सद्भावलाई अब व्यापक रूपमा गुणकारी मानिसहरूको कदरगर्ने आपसमा भाइचारा बृद्धिगर्ने, शान्ति मैत्री बढाउने कार्यमा व्यवहारमा पनि उतार्नुपर्ने बेला आएको छ । सम्राट अशोकले आफ्नो जीवनकालमा चौराशीहजार चैत्य निर्माण गरेर मानिसहरूमा मैत्री, प्रेम, सद्भाव र भाइचारा बृद्धिगर्न ठूलो प्रेरणा दिएका छन् । दिनहुँ विहारमा जाने भिक्षु तथा विद्वान तथा गुरुहरूबाट बुद्धको उपदेश सुन्ने र त्यसलाई व्यवहारमा लगाउने प्रयास गर्नु बौद्धहरूको लक्ष र कर्तव्य हुनुपर्दछ । आफुले सकेजति मानिसहरूको लागि राम्रो कामगर्न नसकेमा पनि अरु कसैलाई पनि हानी हुने काम कहिल्यै नगर्ने । यस किसिमको चिन्तन मनन गर्नु बौद्धहरूको काम हो । बुद्ध मूर्ती अगाडि बसेर ध्यान भावनाको विकास गर्ने र त्यसमा सदासर्बदा लागि रहने प्रणगर्नु नै बुद्ध उपदेश हो । केवल भावना सून्य भएर कुनै पनि भगवानको मूर्ती अगाडि बसेर माग्दैमा कुनै चीज प्राप्त हुन सक्तैन । बुद्ध भन्नु हुन्छ तिमीलाई नदी पारी जानुछ भने तिमीले नदीमा आफै पौडीनु पर्दछ वा तिमीले नाउ चलाउनु पर्दछ । तिम्रो इच्छाले मात्र नदी पारी पुग्न सक्ने छैनौं । मनको चाहनाले मात्र बिना परिश्रम कुनै बस्तु पाउन सकिदैन । यसरी बुद्धले हामीलाई ब्यावहारिक असल शिक्षा दिनु भएको कुरालाई हामी बौद्धहरूले कदापि बिर्सनु हुँदैन । सँधै हेक्का राखिरहनु पर्दछ ।

विराटनगरको बौद्ध संघमा आएको बौद्ध जागरणले बुद्धका ती महान शिक्षालाई फैलाउन सफलता प्रदान गरि रहोस् । कुनै जात जाति विशेषमा मात्र सीमित नरही सबै मानिसहरूमा बुद्ध शिक्षा फैलाउन, त्यसलाई ग्रहण गर्न र व्यवहारमा ल्याउन सदासर्बदा प्रेरणादायी बनिरहोस् । यद्यपि नेपालमा हिमाली क्षेत्रका जनजाति शेर्पा, तामाङ्ग, गुरुङ्ग, थकाली, मगरहरूमा बुद्धधर्मावलम्बी कहलाउने पुर्खौली धर्मसंस्कृति रही आएको छ । यसमध्ये पनि पहाडी इलाकामा बसोबास गर्ने मगर समाजले हाल आएर मात्र आफ्ना पुर्खा बुद्धधर्मावलम्बी भएको वास्तविक अनुभव गर्न पाएका छन् । त्यसैगरी मधेसका थारुसमाजमा पनि बुद्धकै समयदेखि यो धर्म संस्कृतिको अनुयायी भएको कुरा हाल आएर मात्र आफ्ना पुर्खा बुद्धधर्मावलम्बी भएको वास्तविक अनुभव गर्न पाएका छन् । त्यसैगरी मधेसका थारुसमाजमा पनि बुद्धकै समयदेखि यो धर्म संस्कृतिको अनुयायी भएको कुरा हाल आएर इतिहासको अध्ययन अनुसन्धानबाट पुष्ठी भएको छ । त्यसैगरी अन्य नेपाली समाजमा पनि सही रुपमा बुद्धको उपदेशलाई पहिचान गराउन विराटबौद्ध संघजस्ता धार्मिक सामाजिक संस्थाले विद्धानहरूको सहयोगमा पहल गर्नु पर्दछ ।

२५५१ औं बुद्धजयन्तीको उपलक्षमा नेपालमा दिगो शान्ति स्थापना गर्नमा सम्पूर्ण राजनीतिक शक्ति मानवअधिकारकर्मी, आफ्नो हक स्थापना गरी नयाँ राज्य संरचना निर्माण गर्न लागि परेका मधेस, पहाड, तराईका सबै आन्दोलनकारीहरूमा भगवान बुद्धले सदाप्रेरणा प्रदान गरुन् यही शुभकामना छ ! *( मैत्री विद्यालय, छाउनी )*

■

**धर्मकीर्ति पत्रिका नवीकरण सम्बन्धी सूचना**

धर्मकीर्ति पत्रिकाको आगामी वैशाख अङ्क (२०६४ साल वर्ष २५ को अङ्क १ देखि १२ सम्म) प्रकाशित हुने पत्रिकाको लागि साधारण सदस्यता नवीकरण गर्न हुनका लागि सम्पूर्ण ग्राहक महानुभावहरूलाई हार्दिक अनुरोध गर्दछौं । नवीकरण गर्नुहुँदा धर्मकीर्ति मासिकको नाममा नवीकरण शुल्क पठाउनुभई सहयोग गरिदिनुहुन पनि अनुरोध गरिन्छ ।

– पत्रिकाको वार्षिक शुल्क रु. ७५/– (रुपैयाँ पचहत्तर मात्र) *– व्यवस्थापक मण्डल*




Downloaded from http://www.dhamma.digital

# योगाभ्यास विधि – २६

रेकी, योगा शिक्षक एवं प्रा.चि. **डा. गोपाल प्रधान**
*रेकी वैकल्पिक उपचार केन्द्र, भोटाहिटी, काठमाडौं - ४२२४०८५*

## "मधुमेह" रोग घिउकुमारीले निको हुन्छ ।

"मधुमेह" रोग घिउकुमारीले निको हुन्छ ।

घिउकुमारी हामी सबैले देखिरहेको लाभदायक बिरुवा हो । यसलाई मानिसहरूले कोठा सिंगार्ने साधनको रुपमा प्रयोग गरेको पाइन्छ । यसमा धेरै आयुर्वेदिक औषधिय गुणहरू हुन्छ भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ । घिउकुमारीमा भएका केही औषधिय गुणहरूबारे यहाँ चर्चा गर्न लागिएको छ ।

आयुर्वेदमा घिउकुमारीको औषधिय गुणको बारेमा थुप्रै चर्चा गरेको पाइन्छ । संस्कृतमा घृतकुमारी र अंग्रेजीमा यसलाई अलो (aloe) को नामबाट चिनिन्छ । यो वनस्पति १-२ फीट अग्लो विरुवाको रुपमा पाइन्छ । यस्को पातको दुवै तिर काँडा हुन्छ । "चरक" सहिंतामा युद्धमा शत्रुको विषादि वाणबाट बच्न योद्धाहरूले यस्को लेप लगाउने गरेको उल्लेख गरिएको पाइन्छ । त्यसै गाँउ घरमा आगोले पोलेको स्थानमा दमन (औडाहा) शान्त गर्न प्रयोग गर्ने गरेको पाइन्छ, तर वैज्ञानिक परिक्षणको आधार मा यस्मा पाइने एन्टिटक्सिनले गर्दा घाउ खटिरा आदिमा प्रयोग गरे रोग छिटो निको हुन्छ । सोको परिक्षण स्वरूप सन् १९३० मा अमेरिकाका रेडियोलोजिष्टहरूले एक्सरेको विकिरणद्वारा हुने घाउमा घिउकुमारीको लेप लगाउँदा घाउ छिटो निको भएको १९४२ को मेडिकल जर्नलमा उल्लेख गरेको पाइन्छ । आयुर्वेदमा बाबासीर (पाइल्स), मधुमेह, (टाउको दुख्ने) आदि रोगमा प्रयोग गर्दा रोग छिटो निर्मुल हुने उल्लेख गरिएको छ ।

सोही अनुरूप मधुमेहका रोगीले नियमित घिउकुमारी सेवन गरी रोग नियन्त्रण गर्नको लागि नियमित व्यायामको पनि आवश्यकता पर्दछ जसका लागि हामीले धर्मकीर्ति (बौद्ध मासिक) पत्रिकामा प्रकाशित मधुमेहका लागि आवश्यक व्यायाम र आहार-विहारको विषयलाई अध्ययन गरी नियमितता दिने हो भने देखि अवश्य मधुमेहको रोग निदान वा नियन्त्रण हुनेछ । अत: यदि मधुमेहका रोगीले नियमित औषधि आदि सेवन गरी रहेका छन् भने देखि औषधिका साथ-साथै घिउकुमारी खान सकिने छ तर घिउ कुमारी खाने गरेपछि नियमित रगत परिक्षण गराउन अति आवश्यक पर्दछ ।

क) मधुमेहका रोगीले दैनिक घिउकुमारी कति र कसरी खाने ?

*क्रमश:*

## पञ्चशीलया फल (भजन)

पञ्चशीलया ग्रहण स्वभावं ।
हिंसा यायेगु जि त्वतेफत
अहो । तथागत थौं जित: नं ।
छल्पोलयागु आशीष दत ॥

समाधि मनया साध्य फलं ।
खुयेगु व भुठ त्वतेफत,
अहो । तथागत थौं जित: नं ।
छल्पोलयागु आशीष दत ॥

प्रज्ञा अनुशीलन प्रभावं ।
दुश्शिल व अयला त्वतेफत,
अहो । तथागत थौं जित: नं ।
छल्पोलयागु आशीष दत ॥

ख: थुलि शीलया संस्कार ।
जुल सक्को रोगं मुक्ति स्वत:
अहो । तथागत थौं जित: नं ।
छल्पोलयागु आशीष दत ॥

■ बुद्धरत्न शाक्य 'क'



Downloaded from http://www.dhamma.digital

## ऋषिणी प्रव्रज्या अनुभव

धर्मकीर्ति विहारबाट ०६३ पुष २२ गते लुम्बिनीमा प्रस्थान गरिएको गौतमी भिक्षुणी विहारमा पाँच दिनको ऋषिणी बनाईदिनु भएकोमा गुरुमाहरूप्रति आभारी छु ।

मान्छेको जन्म दुर्लभ जन्म भनिन्छ, त्यसैले पाँचदिन भएपनि ऋषिणी बनेर जीवन सार गर्न पाएकोमा म आफूलाई अहोभाग्य ठान्दछु । यो वैवाहिक जीवन म कतै जान सक्दिन र ध्याउँदैन भनी एकै ठाउँमा बसीरहेकी तर आज समयले यहाँ पुऱ्याएर ऋषिणी बनी केही मात्रामा पुण्य कमाउन पाएकोमा अति खुसी लागेको छ ।

हामीले चित्तलाई शुद्ध गरी एक चित्त भएर लोभ, मोह, रीस नगरी बस्यौं भने एक छाक खाएर पनि बस्न सक्दो रहेछ भनी अनुभव भयो । भन्ते गुरुमाहरूबाट भगवान बुद्धको उपदेशहरू, प्रवचनाहरू सुनिएर म आफूलाई शीतल अनुभव गर्दछु । हाम्रो चित्तलाई राम्रो गर्नु पर्ने र चित्तलाई सफा गर्न एक अर्कामा मैत्री भावना जगाउनु पर्दछ । मैत्री भावना नै राख्दै जान सकेको अवस्थामा पिडा महसुस कम हुँदै जाने कुरा सत्य हो भनी पहिले नै अनुभव भईसकेता पनि फेरि एकफेरा ऐनामा मैत्री भावना हेर्दछु ।

बिहान बेलुका गरीएको बुद्ध पूजामा मन हुन थाएर आफूलाई अति प्रफुल्ल महसुस गरेकी छु । त्यसैले पूजा कसरी गरीए राम्रो हो भनी थाहापाएँ । तिन विरतिमको सक्रमणबाट ध्यान अलिकति गर्न सक्ने ध्यान गर्दा मन कसरी बसमा राख्नुपर्छ भन्ने कुरा थाहापाएँ । जति आफूले ध्यान एकाग्र गर्न सक्यो उति कुनै कुरामा पनि मन नडगमगाइने सहज पुगेको हुन्छ ।

यस पवित्र स्थलमा आएर ऋषिणी बनी अष्टशील पालन गरेर जसरी पुण्य कमाईयो त्यसरी नै व्यवहारमा उपयोग गर्‍यो भने मिठो फलको उपभोग गर्न पाउँछ । फलस्वरूप आज मैले यही प्रसङ्ग कोरेको दिनमा मिठो आभास पाएकी छु । यसरी हामीले तन, मन, धनले व्यवहारमा मैत्री भावना जगायो भने हाम्रो संस्कार एक अर्कामा सफलो हुन गईरहेको हुन्छ । यसरी रोपेको संस्कार मात्र पाउँछ भन्ने तथ्य सिद्ध छ भनी भगवान बुद्धको धर्ममा प्रमाणित छ । त्यसैले मैले खोजेको बाटो आज भेट्टाएको जस्तो भयो ।

भगवान शरण ।

—बुद्ध कुमारी मानन्धर, मखन

## अनित्य खः म्ह ब्व

■ अमृतमान शाक्य भिक्षु

मांया गर्भ प्रकट जुइ
छम्ह मनुया
म्ह:ब्वया नापं चित्तंनं
मात्र पंजख: थ्वम्ह ।
अनेक निर्देशन विइम सु ब !
पिया:स्वसा लुइमखु व
धाधाथे याइम म्हयाब्व
प्रकृतिं ब्वलनी मचायक ।
अनेक तर्फ बर्तिक
भयभित जुया न्यलि म्हयाब्व
आकाङ्क्षाकां त्वतावनि
अनित्ययाम्ह ब्व: ।
यायेगु जिर्ण हे मखा
वंम्ह वैमखु अवश्य
माया यायेगु गथे
ध्वगिना नवइ अवश्य ।

## दुई थोपा आँसु

■ प्रेम लक्ष्मी तुलाधर

आँसुको पनि मूल्य हुन्छ,
भन्नेले भन्छ कि
यो दुई थोपा आँसु किन खसाल्ने ?
तर
आँसु उसैको मात्र आउँछ
जस्को हृदय भित्रै देखि रुन्छ ।
आँसु उसैको मात्र आउँछ
जस्को मनमा अति नै प्यारो हुन्छ ।
आँसु उसैको मात्र आउँछ
जस्को मुटुमा श्रद्धाले भरिएको
अमृतको पोको हुन्छ ।
आँसु उसैको मात्र आउँछ
जस्को छाँयामा स्नेहले गाँसिएको
व्यवहार हुन्छ ।
आँसु उसैको मात्र आउँछ
जस्को जिन्दगीमा आदर्श मायाले
छोएको मिठो बोली, मुस्कान, राम्रो आचरण,
स्वभाव जहाँ हुन्छ त्यहिं नै अमूल्य
आँसुको भेल बगेको हुन्छ ।





Downloaded from http://www.dhamma.digital

# गरीबको महेनत

■ भिक्षु संघरक्षित



कुनै एउटा शहरमा एकजना सेंठ थियो। बाटोमा हिँड्दा-हिँड्दै एकपल्ट उसले एउटा मरेको मुसा देख्यो र भन्यो– "कसैले यो मरेको मुसा लगेर बुद्धिले काम गर्न सकेमा धेरै धन सम्पत्ति कमाउन सक्नेछ।"

त्यही समयमा एकजना गरीब मान्छे त्यहींबाट हिँडिरहेको थियो। उसले त्यो कुरा सुनेर विचार गऱ्यो, "यो सेंठले पक्कै झुठो बोल्दैनन्। किन यो मुसालाई म नै लिएर नजाऊँ?"

त्यो गरीब मान्छेले मरेको मुसा टिप्यो र एकातिर लाग्यो। ऊ सरासर जाँदै गर्दा बिरालो पालेको घरमा पुग्यो। केही पैसा लिएर त्यो मुसा त्यहीं दियो।

केही पैसा पाएपछि उसले विचार गर्न थाल्यो। उसले मेहनत गर्ने निधो गऱ्यो। उसले त्यसबाट केही सख्खर किन्यो र पानीमा घोलेर थाकेका, तिर्खाएका मालीहरूलाई खुवाउन लाग्यो। खुशी भएर मालीहरूले एक-एक मुठ्ठी फूल दिए। त्यसलाई बेचेर गरीब मान्छेले फेरि केही पैसा पायो।

उसले फेरि सख्खर किनेर पानीमा मिसाएर बगैंचा-बगैंचा गयो र गर्मीले तिर्खाएका माली-हरूलाई पानी ख्वाउन थाल्यो। यसबाट उसले आधा टिपेर छोडेको फूलको विरुवाबाट फूल टिपेर लिने अनुमति पायो। उसले ती सबै फूलहरू टिप्यो र बेचिदियो। यसरी नै उसले अलि अलि गरेर पैसा कमाउँदै लग्यो।

एक दिन ठूलो हुरीबतास चल्यो। राजाको बगैंचाभरि फोहर भयो। त्यो देखेर बगैंचा सफा गर्ने मान्छे आत्तियो। यस्तो बेला त्यही गरीब मान्छे आएर बगैंचा सफा गर्ने र बदलामा सकेर खसेका हाँगाबिँगा-कचराहरू आफूले लिने कुरा भन्यो। बगैंचेले पनि खुशी हुँदै 'हुन्छ' भन्ने स्वीकृति दियो।



उसले खेलिरहेका बच्चा-हरूलाई मिठाई दिएर फकायो र बगैंचाको सबै फोहर सफा गरी लियो।

त्यही समयमा राजाको कुमालेलाई भाँडा पोल्न सुकेका दाउरा, झारपात आदि चाहिरहेको थियो। उसले धेरै ठाउँमा खोज्यो। अन्तमा त्यही मान्छेलाई भेटेर धेरै पैसा र केही भाँडाहरू दिएर बगैंचाबाट आएका सुकेका फोहर, कचराहरू तथा हाँगाहरू लिएर गयो।



यसरी नै उसले धन कमाउँदै गयो, मेहनत पनि गरिरह्यो । यस क्रममा उसका स्थलमार्ग र जलमार्गका कर्मचारीहरूसँग पनि चिनाजानी भयो, साथी बन्यो ।

सख्खर-पानी ख्वाएर उसले घाँसीहरूलाई पनि ठूलो उपकार गरेको थियो । एक दिन उसले स्थलमार्ग कर्मचारी साथीबाट ५०० घोडाहरूसहित व्यापारीहरू त्यही शहरमा आइरहेको कुरा थाहा पायो । ऊ आफूलाई उपकारको बदला तिर्न चाहने घाँसीहरूकहाँ गयो र प्रत्येकसँग अलि अलि घाँस लिएर एउटा वचन पनि माग्यो । "मेरो यो घाँस नबेचेसम्म कसैले घाँस नबेचिदिनुस् ।"

उसको कुरा नमान्नमा उनीहरूलाई के आपत्ति ? फेरि उसले गरिराखेको उपकार पनि त छँदैछ । त्यसैले सबैले उसको त्यो अनुरोधलाई स्वीकार गऱ्यो ।

५०० घोडाहरूसहित व्यापारीहरू त्यो शहरमा आइपुगे । उनीहरूले घोडालाई खुवाउनलाई घाँस खोज्दै जाँदा कहीं पनि नपाएर त्यहीँ मान्छेकोमा आइपुग्यो । उनीहरूले त्यो मान्छेसँग भनेजति पैसा दिएर घाँस किन्यो । उसले ठूलो धनराशी प्राप्त गऱ्यो ।



अर्कोपल्ट जलमार्ग कर्मचारी साथीबाट धेरै सामानहरूसहित एउटा जहाज आएको कुरा थाहापायो । ऊ पहिल्यै गएर सबै सामानको बइना दिएर लियो र त्यहीँ एकछेऊमा अफिसजस्तो बनाएर बस्यो ।

सामान आइपुगेको खबरले त्यहाँ हजारौं व्यापारीहरू सामान लिन आइपुगे । यस्तो बेला उसले सबैसँग मालसामानमा सहभागी हुन एक हजार र मालसामानको कमीशन एक हजार गरी दुई-दुई हजार सबैसँग लिएर सामान दिन लगायो । एकैपल्ट उसले हजार जना व्यापारीहरूबाट दुई लाख कमायो ।

मरेको मुसाबाट लाखौं धनराशीसम्मको यात्रा गरि सकेपछि त्यो मान्छे त्यही शुरूमा भविष्यवाणी गर्ने सेंठकहाँ गयो । उसले सबै कुरा सुनायो । उसैको भविष्यवाणीले त्यो पैसा कमाउन सकेको कुरा स्वीकार गर्दै उसले आधा रकम सेंठलाई चढायो ।

सेंठ उसको बुद्धि र मेहनत देखेर साऱ्है खुशी भयो । उसले त्यो पैसा त लिएन, बरु 'यसलाई मेरो छोरी दिन योग्य छ' भनी छोरीसँग विवाह गरेर घरकै सदस्य बनाएर राख्यो । पछि त्यो गरीब मान्छे त्यो शहरको प्रसिद्ध सेंठ बन्यो ।

*स्रोत- चुल्लसेट्ठी जातक*

**धर्मकीर्तिलाई सहयोग**

धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर उन्नती होस् भनी कामना गरी भक्तपुर मुनि विहारले रु. ५००/– प्रदान गरेको छ ।




Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# सामूहिक प्रव्रज्या योजना

*( थाइलैण्डका परमपूज्य संघराज समदेद फ्रा ञाणसंवरको संरक्षण प्राप्त )*



*थाइलैण्डका परमपूज्य संघराज समदेद फ्रा ञाणसंवरमा योजनाको प्रगतिबारे जानकारी टृकयाउँदै भिक्षु विपस्सी*

**के हो ?**

यो सामूहिक प्रव्रज्या योजना भगवान् बुद्ध र उहाँका उपदेशप्रति आस्था राख्ने कुलपुत्रहरूमा प्रव्रजित भई भगवान्बाट प्रतिपादित भिक्षुसंघमा प्रवेश गरी धर्मचर्या गर्दै शिक्षार्जन गर्न चाहने श्रद्धालुहरूलाई मौका प्रदान गर्ने योजना हो । यसमा श्रद्धालुहरूलाई श्रामणेर (नौलो भिक्षु) बनाइन्छन् र उनीहरूलाई बस्ने, खाने, औषधी उपचार गर्ने र अध्ययन गर्ने व्यवस्था गरिन्छ ।

यो योजनाको प्रारम्भ अखिल नेपाल भिक्षु महासंघबाट थाइलैंडका परमपूज्य संघराज समदेद् फ्रा ञाणसंवर (सुवड्ढन महाथेर) को ९० वर्ष पुरा भएको शुभजन्मोत्सव मनाउने क्रममा २ मई सन् २००३ मा गरिएको र उहाँकै विशेष प्रतिनिधि भदन्त फ्रा धम्मवराचार्य (Phra Thamvarajaraya) बाट उद्घाटन भएको थियो । त्यसै बेलादेखि यस योजनालाई परमपूज्य संघराजको संरक्षण प्राप्त छ । अखिल नेपाल भिक्षुमहासंघका कुनै वरिष्ठ महास्थविर भिक्षुको उपाध्यायत्वमा प्रव्रजित गरिन्छ । अहिलेसम्म पटक पटक गरी आयोजित प्रव्रज्याविधीहरूमा दुइ शय भन्दा बढी श्रद्धालुहरू प्रव्रजित भइसकेका छन् । यी मध्ये इच्छुक तथा योग्य श्रामणेर विद्यार्थीहरू रोजेर थाइलैंडमा माध्यमिक तथा कलेज तहमा पढ्न पठाइएका छन् । अहिलेसम्म (सन् २००६) यस मुनि विहारबाट थाइलैंडमा गई ४६ जना श्रामणेरहरू अध्ययन गरिरहेका छन् (६ जना कलेज विद्यार्थी समेत) र यसलाई निरन्तरता दिने हामीले अठोट गरेका छौं ।

**कहिले भर्ना लिइन्छ ?**

हरेक वर्षको शैक्षिक सत्रको शुरुमा अर्थात् अप्रिल महिनाको अन्त्यतिर भर्ना खुल्छ । अक्टूवर-नवम्वर महिनामा पनि अन्तिम परिक्षा श्रमिक आदर्श मा. वि. मा दिलाउनेगरी भर्ना लिइन्छ । यी बाहेक विहारका नायक भिक्षुको सहमतिमा कुनै पनि बेला भर्ना हुन सकिन्छ ।

**आर्थिक स्रोत के छ ?**

यस योजनाको आर्थिक स्रोत भनेको दाताहरूबाट गरिने दान-पुण्यहरू मात्र छन् । यो विहारका भिक्षु-श्रामणेरहरूले पाउने सबै किसिमका दान आम्दानीहरू विहारमा बुझाउनुपर्छ, चाहे त्यो आफ्नै घरबाट पाएको आम्दानी नै किन नहोस् । विहारका नायक भिक्षुले अन्हाए बमोजिम पूजापाठ, भोजनदान, निमन्त्रणा, भिक्षाटन आदि क्रियाकलापमा सबैको अनिवार्य सहभागिताबाट हुने आम्दानीबाट नै पुऱ्याउनु पर्छ । आर्थिक व्यवस्थापनमा सहयोगार्थ दायक सभा छ । यदि आर्थिक नपुग भएमा श्रद्धालुहरूसँग विशेष दानको याचना गर्नु बाहेक अरु कुनै व्यवस्था छैन ।

**कसरी सहभागी बन्ने ?**

यस सामूहिक प्रव्रज्या योजनामा तपाईं विभिन्न तरिकाले सहभागी बन्नसक्नुहुन्छ । जस्तै कि–

१. यो पर्चालाई ध्यानपूर्वक पढ्ने,
२. विहारमा सम्पर्क गरेर थप जानकारी लिने,
३. यथाशक्ति यसबारे प्रचारप्रसार गर्ने,
४. यथाश्रद्धा दानपुण्य गर्ने तथा गराउने,
५. प्रव्रज्यार्थीहरू खोज्ने तथा खोज्नलगाउने,
६. आफैं प्रव्रज्या लिने र अरुलाई पनि त्यसो गर्न प्रेरित गर्ने,
७. विहारमा रहनुभएका भिक्षु / श्रामणेरहरूलाई आवश्यक सहयोग प्रदान गर्ने र अरुलाई सहयोगका लागि अनुरोध गर्ने ।

**विशेष के छ ?**

यो योजनामा ६ कक्षादेखि एस.एल.सी. उत्तीर्णसम्मका छात्रहरू भर्ना लिइन्छन् । विशेषत: कक्षा ७, १० र प्रवीणता तह पढ्ने विद्यार्थीहरूलाई प्राथमिकता दिइन्छ । श्रामणेर हुनेहरू २ समूह बनाइनेछन्–

क) ७-४५ दिनसम्मका लागि अस्थायी बन्ने र
ख) प्रव्रजितभावमा नै बसेर अध्ययन गर्ने ।

यो पछिल्लो समूहका श्रामणेरहरूले थाइलैंड जाने मौका पाएभने एकतर्फी यात्राखर्च अभिभावहरूले नै बेहोर्नुपर्नेछ । राहदानी पनि आ-आफैले बनाइ ल्याउनु पर्दछ ।

थाइलैंडमा पढ्नजानेहरूले त्यहाँ बसुन्जेलसम्म भिक्षु-श्रामणेरका नियम पालन गर्नुपर्नेछ । पहिलो एक वर्ष थाइभाषा पढ्नु पर्नेछ र त्यसपछिका वर्षदेखि मात्र स्कूल वा कलेजमा नियमित पढ्न पाइनेछ । भिक्षु-श्रामणेरहरूका लागि निश्चित गरिएका शिक्षण संस्थाहरूमा मात्र पढ्न पाइनेछ । थाइलैंड बसुन्जेल आवश्यक पर्ने खर्चहरू त्यहींबाट बेहोरिनेछ ।

**सुविधाहरू के के छन् ?**

विहारमा भिक्षु-श्रामणेरहरूलाई चाहिने चतुप्रत्यय- चीवर (लुगा), पिण्डपात (भोजन), शयनासन (आवास) र गिलानप्रत्यय (औषधी उपचार) को समुचित व्यवस्था छ । बौद्ध प्रव्रजितहरूको नियमानुसार विहान सबेरै ६ बजे र दिउँसो ११ बजे भोजन गर्न पाउँछन् । बेलुका विनयबाट स्वीकृत पेयपदार्थ खान पाउँछन् । १२ बजेपछि ठोस खाना खान मनाही गरिएको हुन्छ । सामान्य उपचार को लागि स्थानीय स्वास्थ्य केन्द्रहरू र अस्पतालहरू छन् । विद्यालय पढ्ने उमेरकाले विहारबाट निश्चित विद्यालयमा पढ्न पाउँछन् । अहिलेलाई श्रामणेरहरू भक्तपुर नगरको ब्यासी स्थित श्रमिक आदर्श मा.वि. मा पढ्दछन् । यसबाहेक फुर्सदको बेलामा विहारमा नै धार्मिक शिक्षा दिने गरिन्छ । समय-समयमा धार्मिक तथा शैक्षिक भ्रमणको पनि व्यवस्था गरिन्छ ।

**कहाँ ?**

भक्तपुर नगरको इनाचो टोलस्थित मुनि विहार (बुद्धमन्दिर) मा यो योजना संचालित छ । यहाँको नवनिर्मित उपोसथागार मन्दिरमा पूजा, धर्मचर्चा आदि गरिन्छन् । यसको दोश्रो तल्लामा सभा-समारोहको लागि १०० जनाजति क्षमताको सभाकक्ष छ । छिंडीतल्ला भोजनशालाको रुपमा प्रयोग भइरहेको छ । १० वटा शौचालयहरू, १ वटा भान्छाघर र ६ हजार लिटर पानीको लागि ट्यांकीहरू र खानेपानीको धाराको सुविधा छ । आवासको लागि मुनि विहारका तीनतिरका पुराना भवनहरू उपयोग हुन्छन् । २ रोपनी क्षेत्रफलमा फैलिएको यो विहारको बीचमा चोक र बगैंचा पनि छ । यहाँ बढीसेबढी ४० जना श्रामणेर हरूलाई व्यवस्था गर्ने क्षमता छ ।

**कसरी जाने ?**

मुनि विहार जाने सबभन्दा सजिलो तरिका हो, अरनिको राजमार्गमा गुड्ने कुनै पनि गाडीद्वारा भक्तपुरको सूर्यविनायक बसस्टपको पुर्वतिरको आदर्श बसस्टपमा पुग्ने । त्यहाँबाट १०० मिटरजति उत्तरतिर लागी सिद्धि शालिग्राम वृद्धाश्रम पुग्ने र फेरि पूर्वतिर १०० मिटरजति गई फेरि त्यहाँबाट उत्तरतिर २०० मिटरजति पीचरोड हुँदै गई हनुमानघाटको शिवलिंग पुग्ने । यहाँ जगातिबाट च्यामासिंह जाने बाटोबाट पनि आउन मिल्छ । यहाँदेखि १०० मिटरजति उत्तर गएपछि उकालो उक्लन नभ्याउँदै बायाँतिर मुनि विहारको मूलगेट पुग्नुहुनेछ । यदि तपाईं भक्तपुरको पुरानो बस्तीबाट आउनु भएमा इनाचो चोकबाट हनुमानघाटतिर लागेपछि १०० मिटरजति दक्षिणतिर मुनि विहारको नवनिर्मित उपोसथागार मन्दिरको अगाडि पुग्नुहुनेछ ।

*इच्छुक महानुभावहरूले निम्न ठेगानामा सम्पर्क राख्नुहोला-*

१. मुनि विहार, इनाचो टोल, वडा नं. ६,
भक्तपुर नगरपालिका, भक्तपुर जिल्ला, नेपाल ।
फोन नं. ६६१६४६४

२. Phra Bhikshu Vipassi (भिक्षु विपस्सी),
International Section,
248 Wat Bovoranivesa Vihara,
Banglampoo, Phara Sumeru Road,
Phrankorn District,
Bangkok-10200, THAILAND.
Tel. 07-087-160.

॥ भवतु सब्ब मंगलं ॥



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

*२०६३ साल माघ १० गते, शनिवार*

**विषय– उपनिषद दर्शन र बौद्ध दर्शन**

*प्रवक्ता- डा. नरेशमान वज्राचार्य*

*रिर्पोटर- अमीर कुमारी शाक्य*

त्यसदिन उपनिषद दर्शन र बौद्ध दर्शनको विषयलाई लिएर डा. नरेशमान वज्राचार्यज्यूले यसरी व्यक्त गर्नु भएको थियो ।

संसारमा जति पनि दार्शनिकहरू बने, उनीहरू सबैले खोजिरहेका विषय एउटै थियो । त्यो हो 'जीवन र जगत' को वास्तविकता के हो ? यहि प्रश्नको जवाफ खोज्ने क्रममा आ-आफ्नो तर्कहरू प्रस्तुत गर्न थाले । यी तर्कहरू नै उनीहरूको दर्शन बन्न गए । यहि आ-आफ्नो दर्शन अनुसार अरुलाई बताउँदै गए । यसरी सबै दार्शनिकहरू 'जीवन र जगत' को उत्पत्ति, अस्थिरता र अन्त्यको कारणको खोजिमा लागिरहेका थिए ।

यसै क्रममा सनातन कालदेखि हिन्दु धर्मावलम्बिहरूले यस विषयमा चिन्तन मनन गर्दै 'जीवन र जगत' को श्रृष्टि गर्ने कुनै एउटा सर्वशक्तिमान ईश्वर छ भनि तर्क दिएका थिए । यहि तर्कमा आधारित हिन्दु धर्म (दर्शन) को सबभन्दा पुरानो ग्रन्थ वेद दर्शनको प्रादुर्भाव भएको थियो वेदमा उल्लेख भए अनुसार ईश्वर नै सर्वशक्तिमा, सम्पूर्ण जीवन र जगतको श्रृष्टिकर्ता हो । वेद ग्रन्थमा लेखेको कुरा मात्र सबै सत्य हो । अरु सबै झुठो हो भन्ने उनीहरूको मान्यता थियो ।

समयको प्रवाह संगसंगै हिन्दु धर्मावलम्बिहरूका सन्तानहरूको विचार धारा पनि बदलिन थालेका थिए । वेद ग्रन्थमा उल्लेखित सबै ब्यावहारिक छैनन् भनि चिन्तन मनन गरे । वेदमा लेखेको सबै सत्य भन्ने कुरोको विरोध गरे । वेदलाई परिमार्जित गरेर उपनिषद दर्शनको प्रादुर्भाव गरेको हो । यसरी हिन्दु धर्ममा बाज्येको कुरोलाई आफ्नै नाति पनातिले काटेर वेदलाई परिमार्जित गर्ने क्रममा २३२ वटा उपनिषदहरू निकालेका थिए । त्यसमध्य १० वटालाई मात्र मान्यता प्राप्त भएको थियो । पछि फेरि ३ वटा उपनिषद थपेर १३ वटाले मान्यता प्राप्त गरेको थियो । वेदको विरोधमा यति सम्म पनि लेखे कि पशु पंक्षि जलाएर होम गर्नेहरू मुर्ख मात्र होइनन् महामुर्ख हुन् भनि मण्डप उपनिषदमा उल्लेख गरेको पाइन्छ । यसरी बाज्यको कुरा काटेर उपनिषद दर्शन निकाले ता पनि धार्मिक तथा व्यवहारिक पुर्णता भन्ने पाएको छैन ।

यसै क्रममा उपनिषदवादीहरूले वेद पुराणलाई चिन्तन मनन गरेर उपनिषद दर्शन त निकाले । तर मुखमा होइन गालामा भने झैं इश्वरको स्थानमा ब्रह्मलाई राखे । ब्रम्ह नै सर्वव्यापि, सर्वशक्तिमान र सम्पूर्ण 'जीवन र जगत' को श्रृष्टि कर्ता मान्न थालेका थिए । ब्रम्ह भनेको आत्मा हो, परमात्मा हो, जुन यस जगत भित्रै रहेको छ । यस जगतको कणकणमा ब्रह्म रहेको छ । जताततै ब्रह्म पाइन्छ । यस ब्रम्हाण्डमा चन्द्र, सूर्य, नक्षेत्र, प्रकाश सबैको श्रृष्टि कर्ता पनि ब्रह्म नै हो । हावा, पानी, आगोको श्रृष्टि कर्ता पनि ब्रह्म नै हो । ब्रह्म कै इच्छा अनुसार दिन, रात, मास, ऋतु, वर्ष आदि समय बनेको छ । त्यसैले सम्पूर्ण जीवन-जगत को सारथी ब्रह्म नै हो । जसरी सारथी विना रथ चल्दैन, त्यसरी नै ब्रह्म विना यो 'जीवन र जगत' चल्दैन भन्ने मान्यता छ । त्यसैले उपनिषदवादलाई ब्रह्मवाद पनि भनिन्छ ।

ब्रह्मवादीहरूको अनुसार ब्रह्म भनेको आत्मा हो । आत्मा भनेको प्रकाश पुञ्ज हो । ब्रह्मलाई चिन्न सक्नु भनेको परमतत्व प्राप्त गर्न सक्नु हो । अर्थात् मोष प्राप्त गर्न सक्नु हो । ब्रह्मलाई चिन्नु नै परमत्थ सत्य हो । त्यसैले ब्रह्मवादीलाई अद्वेतवादी भनिन्छ । अद्वेतको अर्थ **"ब्रह्म सत्य, जगत मिथ्या"** अर्थात् ब्रह्म बाहेक अरु सबै झुठ । वेदमा ६ वटा विद्यालाई मान्यता दिएको छ, तर उपनिषदमा ब्रह्म ज्ञान एउटा मात्र सत्य मानेको छ ।

उपनिषदवाद अनुसार प्राणिलाई तीन वर्गमा विभाजन गरेको पाइन्छ । जस्तै–

१. **निम्न वर्ग–** संधै उहि जन्म लिएर जीवन चक्रमा घुमिरहने । जस्तै किरा फटचाङ्ग्रा । यसलाई ततीय वर्ग भनिन्छ ।

२. **मध्यम वर्ग–** दान धर्म गरेर पुण्य प्राप्त प्राणि भन्नाले मनुष्यहरू नै पर्दछन् । पूण्य प्राप्त भएकाहरू देवलोकमा अन्न भएर जन्म लिन्छ । त्यो अन्न देवताहरूले ग्रहण गरेर, पुण्य समाप्त भए पछि फेरि मनुष्यलोक मै जन्म लिन आउँछ । यसलाई पितृयान भन्दछ ।

३. **उच्चवर्ग–** जसले ब्रह्मज्ञान प्राप्त गरेको छ, त्यो

मृत्युपछि परलोकिक पुरुषसंग ब्रह्मलोकमा जान्छ । ब्रह्ममा लिप्त भएर मुक्ति प्राप्त गर्दछ । यसलाई देवयान भन्दछ ।

उपनिषदवादहरूले ब्रह्म (आत्मा) को चार अवस्था हुन्छ भनि मानेका छन् । जस्तै–

(क) **वैश्वानर अवस्था**– जब मानिसले भौतिक जगतलाई मात्र आफ्नो अध्ययनको क्षेत्र थान्दछ ।

(ख) **तैजस अवस्था**– आध्यात्मिक (आन्तरिक) अध्ययन क्षेत्र बनाउने अवस्था

(ग) **प्राज्ञ अवस्था**– माथिको (क) र (ख) दुवै अवस्थालाई वास्ता नगरिकन बस्ने अवस्था अर्थात आनन्द लिएर बस्ने अवस्था

(घ) **तुर्य अवस्था**– माथीका (क), (ख) र (ग) तीनै अवस्थालाई पनि वास्ता नगरि वस्ने अवस्था

यस्तै उपनिषद वादीहरूले ब्रह्म (आत्मा) को साइज हुन्छ भनि मानेका छन् । कसैले यसको साइज चामल वा जौ जत्रो हुन्छ भनि मानेका छन् त कसैले होइन यसको साइज तोरी जत्रो हुन्छ भन्छ । कसैले ब्रह्म अर्थात् प्रकाश पुञ्ज मुटुमा रहन्छ र शरिर भरि प्रकाश फैलाई रहन्छ भनि मान्छ त अर्कोले होइन यो मगजमा रहेको हुन्छ भन्छ । यसरी उपनिषदवादीहरूको मत भिन्नता देखाइएको पाइन्छ । उपनिषदको लगतै अरु दुई ग्रन्थहरूको पनि उत्पत्ति भाग प्रस्थान त्रय भनि तीनवटा ग्रन्थलाई हिन्दु धर्मले उच्च स्थान दिइएको पाइन्छ । ती हुन् (१) उपनिषद (२) श्रीमत् भागवत गीता– उपनिषदको परि मार्जित (३) ब्रह्म सूत्र

हिन्दु धर्ममा यि ३ वटा ग्रन्थहरूलाई जीवन यापनको लागि अति नै आवश्यक भनि मान्यता दिएको पाइन्छ । तर यि ३ वटा ग्रन्थहरू वेदका अन्तिम अङ्गहरू हुन् । त्यसैले यि ३ वटै ग्रन्थहरूलाई वेदान्त त्रय पनि भनिन्छ । अर्थात वेदान्त दर्शन ।

गौतम बुद्धले यि सबै ग्रन्थहरूको अध्ययन मात्र होइन व्यवहारमा अनुभव पनि गर्नु भयो । यी सबै दर्शनहरू पनि सत्य होइनन्, मिथ्या हुन् भनि पत्ता लगाउनु भई वास्तविक ज्ञानको खोजिमा लाग्नु भएको थियो । यहि वास्तविक ज्ञानको खोजि गर्दा गर्दै आफै बोध भएर वोधिज्ञान लाभ गर्नु भएको थियो । वोधि ज्ञान भन्नाले, चतुआर्यसत्य आर्यअष्टाङ्गिक मार्ग, सम्यक दृष्टि जस्ता जीवन जीउने कलालाई प्राप्त गरेर प्राणी मात्रको कल्याण हुने ज्ञान मध्यम मार्गलाई विश्वको सामु प्रकाश पार्नु भएको थियो । जुन सत्य दर्शनलाई आज विश्व भरिका दार्शनिकहरूले मान्यता दिइसकेका छन् ।

त्यसैले हामी साह्रै भाग्यमानि छौं । किन कि चतुआर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग, सम्यक दृष्टि जस्तो ज्ञान दिने र सुखि जीवनको लागि मध्यम मार्ग देखाउनु हुने बुद्धको शिष्य वन्न पाएका छौं ।

"भबतु सब्ब मंगलं"

*२०६३ चैत्र ५ फागुन, शनिबार*

## मङ्गल सूत्र

*प्रवचक- सुजाता गुरुमाँ* *प्रस्तुती- मथुरा शाक्य*

यसदिन श्रद्धेय सुजाता गुरुमाँले मङ्गल सूत्रको बाइसौं मङ्गल **"गारवोच"** अर्थात् गौरव राख्न योग्य स्वभाव भएको व्यक्तिलाई गौरव राख्नु पर्छ भन्ने विषयमा प्रवचन दिनु भएको थियो ।

गौरव राख्नुपर्ने व्यक्तिहरू–

(१) त्रिरत्न (२) आचार्य गुरु (३) आमा बुबा (४) उमेरबाट ज्येष्ठ व्यक्ति (५) गुण भएको व्यक्तिहरू मार्गफल प्राप्त व्यक्तिहरू उच्च पद ओहदाको व्यक्तिहरू

देश वातावरण समाज अनुसार सम्मान गर्ने तरिका पनि फरक फरक हुन्छ । जसले अरूलाई गौरब राख्न जान्छ उसलाई हरेक ठाउँबाट सम्मान मिल्छ । भगवान बुद्धले पनि धर्मलाई आदर गौरब राख्नुहुन्छ । प्रव्रजित धर्म अनुसार उमेरले ज्येष्ठ भएपनि आफूभन्दा पहिला प्रव्रजित भएको कम उमेरका भिक्षुहरूलाई आदर गौरब राख्नुपर्छ ।

स्थान अनुसार गौरब राख्ने विभिन्न तरिका हुन्छ । (१) काय प्रणाम (२) वच्चि प्रणाम (३) मनो प्रणाम ।

मैत्री भाव राखी मनबाट प्रणाम गर्ने सबभन्दा राम्रो प्रणाम हो । यदि हामीले अरूलाई आदर गौरब राख्न जान्यो भने हामी प्रति मैत्री करुणा मुदिता उपेक्षा भाव बढ्छ र हामीले गरेको सानो सानो अपराधहरू क्षमा हुन्छन् र सम्मान वृद्धि हुन्छ ।

*२०६३ फागुण १२, शनिवार*

## "धर्मकीर्ति बाल भेला"

भिक्षु बोधिज्ञान भन्तेको प्रमुख आतिथ्य तथा भिक्षुणी धम्मवती गुरुमांको सभापतित्वमा 'धर्मकीर्ति बाल भेला' सम्पन्न भयो । नयाँ पुस्ताको बालबालिकाहरूलाई बौद्ध शिक्षा र नैतिक शिक्षाप्रति आकर्षण गराउने उद्देश्यले



Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले उक्त कार्यक्रमको आयोजना गरिएको हो । लोचनतारा तुलाधरको संयोजकत्वमा संचालित उक्त कार्यक्रममा बालबालिकाहरूले सृजना गरिएको चित्रकला सचित्र कथा-पुस्तक शान्ति गीत आदि प्रस्तुत गरिएको थियो ।

गत जेष्ठ महिना देखि डा. सुमनकमल तुलाधरको निर्देशनमा अनीरा कंसाकारको संयोजकत्वमा बाल बालिकाहरूको लागि Creative Writing Workshop संचालन भइरहेको थियो । उक्त Workshop मा सहभागी बालबालिकाहरूले तयार गरेको सचित्र कथा पुस्तकमा उत्कृष्ट हुने बालबालिकालाई प्रमाणपत्र तथा पुरस्कार वितरण गरिएको थियो । सहभागी विद्यार्थीहरूद्वारा नै तयार गरिएको Newsletter पनि उक्त कार्यक्रममा विमोचन भयो ।

Workshop मा तालिम प्राप्त सहभागी बालबालिकाद्वारा नै उद्घोषण गरी बाल भेला रोचक ढंगले प्रस्तुत गरियो । ८ बर्ष देखि १४ वर्ष सम्मका सहभागीले कथा लेखनमा भाग लिएका थिए । उक्त कार्यक्रममा Workshop को अवधिभर बालबालिकाहरूलाई विभिन्न कृयाकलाप प्रशिक्षण गर्ने स्वयं सेवकहरूलाई धर्मकीर्ति अध्ययन गोष्ठीको तर्फबाट प्रमाण पत्र तथा उपहार प्रदान गरिएको थियो ।

सचित्र कथा लेखनमा उमेर ८, ९ समूहमा अर्सुला मानन्धर उत्कृष्ट उमेर १०, ११, १२ समूहमा सिरपातारा तुलाधर उत्कृष्ट र उमेर १३, १४ मा स्वेता तुलाधरले उत्कृष्ट स्थान ओगटेको थियो । कार्यक्रमको उद्घोषण स्वेता तुलाधर र आशिष तुलाधरले गरेका थिए भने Newsletter को सम्पादन र डिजाइन सनी तुलाधरले गरेको थियो ।

**धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना**

| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
|---|---|---|
| २०६३ फागुण १२ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६३ फागुण १९ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६३ फागुण २८ | कुसुम गुरुमां | धम्मवती गुरुमां |
| २०६३ चैत्र १ | केशावती गुरुमां | धम्मवती गुरुमां |
| २०६३ चैत्र ५ | इन्दावती गुरुमां | इन्दावती गुरुमां |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्मः*
*१९९१ साल भाद्र*

*दिवंगतः*
*२०६३ साल फाल्गुण ८ गते*

## दिवंगत दामोदर नेम्कुल

सिद्धि मंगल बुद्ध विहार स्थापना कालं निसें सचिव जुया झण्डै १८ वर्ष सेवा याना बिज्याम्ह हनेवहम्ह श्री दामोदर नेम्कुल दिवंगत जुया बिज्यागुलिं वसपोलया निर्माण कामना यासें वसपोलया छेँज पिंसं अनित्य संसारया सत्य लुमंका धैर्य धारण याये फयमा धका सिद्धिमंगल बुद्ध विहारया परिवार पाखें श्रद्धाञ्जली देछानागु जुल ।

**श्री सिद्धि मङ्गल बुद्ध विहार परिवार**

Dhamma.Digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो




## दिवंगत सेतीमाया श्रेष्ठ

*जन्मः १९९२ ज्येष्ठ १६ गते*
*दिवंगतः २०६३ फाल्गुण ८ गते, मंगलबार*

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य व धर्मकीर्ति सेतीतता पुचःया पुचःनकिं उपासिका सेतीमाया श्रेष्ठ दिवंगत जुयादीगुलिं वयकःया गुणानुस्मरण यासे वय्कःया जहान परिवारपिसं संसारया अनित्य ज्ञानयात थ्वीकाः धैर्य धारण याय्फय्मा धकाः कामना याना ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः, नःघः, यें ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



## दिवंगत इन्द्रमान महर्जन

*जन्मः १९९५ भाद्र १६ गते*
*दिवंगतः २०६३ फाल्गुण १७ गते*

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य व धर्मकीर्ति इन्द्रमान पुचःया पुचःनायो, उपासक इन्द्रमान महर्जन दिवंगत जुयादीगुलिं वयकःया गुण स्मरण यासे वय्कःया जहान परिवारपिसं संसारया अनित्य स्वभावयात थ्वीकाः थुगु दुःखद् घडी सहःयाय्गु क्षमता दय्कें फय्मा धकाः कामना याना ।

**धर्मकीर्ति पत्रिका परिवार**
धर्मकीर्ति विहार, श्रीघः, नःघः, यें ।




Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

# समाचार

## दुर्लभ प्रव्रज्या सम्पन्न

यँया विश्वशान्ति विहार मीन भवनय् मिति २०६३ फागुण १० निसें १७ गतेतक स्वीन्याम्ह कुलपुत्रपिन्त दुर्लभ प्रव्रज्या यायुगु ज्या सम्पन्न जूगु समाचार दु ।

उगु ज्याझ्वले थाइल्याण्डं बिज्या:म्ह भिक्षु आचार्य फोङ सिद्धाचनपाखें उपाध्यायत्व ग्रहण यानाबिज्या:गु खँ समाचारे उल्लेख जुयाच्वंगु दु ।

## दिपंकर बुद्ध प्रतिमा उद्घाटन

*२०६३ फागुण २२ गते मंगलबार,*
*सिद्धिपुर शान्तिपुखू थसी, ललितपुर ।*

सिद्धिपुर गा.वि.स. स्थित शान्ति पोखरी (फोङ्गा पुखू) तथा उक्त पोखरीको बीचमा प्रतिस्थापन गरिएको दीपंकर बुद्ध प्रतिमा अगाडि भिक्षुणी धम्मवती गुरुमांको नेतृत्वमा बुद्ध पूजा कार्यक्रम सम्पन्न भएको छ । उक्त सभामा भिक्षुणी धम्मवतीबाट दिपंकर तथागत विषयमा परिचय दिनुहुँदै धर्मदेशना गर्नु भएको थियो । सभामा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन संघबाट ज्ञानमाला भजन पनि प्रस्तुत गरिएको थियो ।

बुद्ध पूजा पश्चात् थुप्रै नरनारीहरूको समूहले सिद्धिपुर गा.वि.स. परिक्रमा गरिएको उक्त कार्यक्रममा सहभागी हुनुभएका सबैलाई आयोजक परिवारले जलपान र भोजनको व्यवस्था मिलाउनु भएका थिए । सिद्धिपुर शान्ति र विकास केन्द्र परिवार सिद्धिपुर, ललितपुरबाट आयोजित उक्त कार्यक्रममा दिपंकर बुद्ध प्रतिमा फ्रान्सेली राजदूत महामहिम श्री मिशेल जोलिभेट, वरिष्ठ संस्कृतविद श्री सत्यमोहन जोशी तथा सिद्धिपुर गा.वि.स.का जेष्ठ नागरिक श्री अष्टबहादुर महर्जनद्वारा संयुक्त उद्घाटन गरिएको थियो ।

## महापरित्राण पाठ सम्पन्न

*२०६३ फागुन १३ गते ज्याठा, काठमाडौं*

उपासक सानुरत्न स्थापितको ८० औं शुभ जन्मोत्सवको उपलक्ष्यमा एकदिने महापरित्राण पाठ कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ गरिएको थियो ।

## नेपाल बौद्ध परिषद्‌बाट प्रवचन सुरु

*ललितपुर, कार्तिक १९ गते ।* आगामी २५५१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा यहाँको कामुक नाम महाविहार ख्वावही संरक्षण मूल समितिको संयोजकत्वमा नेपाल बौद्ध परिषद्को तर्फबाट प्रवचन कार्यक्रम सम्पन्न भयो । उक्त प्रवचन कार्यक्रममा परिषद्का अध्यक्ष बौद्ध विद्वान् महीश्वरराज वज्राचार्यले प्रत्येक पूर्णिमासंग बुद्धधर्मको सम्बन्ध रहेको कुरा उल्लेख गर्नु हुँदै कार्तिक पूर्णिमासंग बुद्धधर्मको सम्बन्धलाई लिएर विस्तृत व्याख्या गर्नुभयो । यस क्रममा उक्त विहार संरक्षण मूल समितिका अध्यक्ष रत्नकाजी शाक्यले त्यस विहारमा हालसम्म पनि हुन नसकेको प्रवचनकार्य शुभारम्भ गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो भने परिषद्का सचिव काजीरत्न शाक्यले नेपाल बौद्ध परिषदले अभिभारा लिएको आगामी २५५१ औं बुद्ध जयन्ती सफल पार्न सबैसंग अनुरोध गर्नुभयो । त्यस क्रममा विभिन्न टोल सुधार संघका प्रतिनिधिहरूले उक्त कार्यको सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

उक्त विहार संरक्षण मूल समितिका सचिव बुद्धिरत्न शाक्यले उद्घोषण गर्नुभएको सो प्रवचन कार्यक्रम विहान ८ बजेबाट सुरु भई ११ बजे सम्पन्न भएको थियो ।

## नेपाल बौद्ध समाजको संस्थापना

*ललितपुर, श्रावण १७ गते ।* नेपाल बौद्ध परिषद्का अध्यक्ष श्री महीश्वरराज वज्राचार्यको अध्यक्षतामा नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी राष्ट्रिय स्तरमा 'नेपाल बौद्ध समाज' नाममा एउटा अर्को बौद्ध संस्था गठन भएको छ । बौद्ध एकता एवं बुद्धधर्म, दर्शन र संस्कृतिको उत्थान कार्यलाई यथार्थरूपमा विशुद्ध भावनाले अभिवृद्धि गर्ने लक्ष्य लिएर गठन भएको यस संस्थाको उद्घाटन तथा कार्यसमितिको निर्वाचन आगामी आश्विनमा हुने भएको छ । त्यस अवधिसम्मको लागि ९ जनाको तदर्थ समिति गठन भएको छ, जसअनुसार उपाध्यक्षमा श्री सर्वज्ञराज वज्राचार्य, महासचिव र सचिवमा क्रमश: डा. लक्ष्मण शाक्य र काजिरत्न शाक्य रहनुभएको छ भने कोषाध्यक्षमा मीनवहादुर वज्राचार्य तथा सह कोषाध्यक्षमा सुर्जमान वज्राचार्य रहनुभएको छ । एवं प्रकारले सदस्यहरूमा प्रेमरत्न शाक्य, शुभ रत्न शाक्य र विजयराज शाक्य रहनुभएको छ ।

यस संस्थाबाट आगामी २५५१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा प्रत्येक महिना वहाल र बहिलहरूमा प्रवचन कार्यक्रमको आयोजना गर्ने भएको छ भने आधारभूत बौद्ध शिक्षाको प्रशिक्षण कक्षा यथाशिघ्र सञ्चालन हुने भएको छ ।

## नेपाल बौद्ध परिषद्‌को साधारण सभा तथा निर्वाचन

*ललितपुर, कार्तिक १३ गते ।* बुद्धधर्म दर्शन र संस्कृतिको चतुर्मुखी विकासको लागि २०५४ सालमा राष्ट्रिय स्तरमा गठन भएको नेपाल बौद्ध परिषद्को साधारण सभा तथा कार्यकारिणी समितिको तेस्रो निर्वाचन यहाँको कुपण्डोल स्थित सातो आकि स्मृति भवनमा सम्पन्न भयो । ललितपुरका पूर्वमेयर तथा प्रतिस्थित बौद्ध व्यक्तित्व बेखारत्न शाक्यको प्रमुख आतिथ्यतामा भएको सो सभामा धर्मोदय सभाका उपाध्यक्ष सुवर्ण शाक्य, समाज सेवी सुधालाल मुल्मी, परिषद्का उपाध्यक्ष द्वय शान्तहर्ष वज्राचार्य, डा. लक्ष्मण शाक्य आदिले आ-आफ्नो मन्तव्य दिनुभएको थियो ।

ललितपुरका आठवटा महाविहार एवं विभिन्न संघ-संस्थाहरूबाट शुभकामना सन्देश व्यक्त गरेको उक्त सभामा कार्यवाहक महासचिव पूर्णमान चित्रकार, कोषाध्यक्ष मीनवहादुर वज्राचार्य तथा अध्यक्ष महीश्वर राज वज्राचार्यले परिषद्को प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

साधारण सभा पश्चात परिषद्को तेस्रो कार्यकारिणी समितिको निर्वाचन भएको थियो । उक्त निर्वाचनमा महीश्वरराज वज्राचार्य अध्यक्ष, शान्त हर्ष वज्राचार्य र डा. लक्ष्मण शाक्य उपाध्यक्ष पूर्णमान चित्रकार महासचिव, काजीरत्न शाक्य सचिव, सूर्जमान वज्राचार्य कोषाध्यक्ष, शुभरत्न शाक्य सहकोषाध्यक्ष तथा विजयराज, प्रेमरत्न शाक्य, विजयराज शाक्य एवं संघरत्न वज्राचार्य सदस्यमा निर्विरोध निर्वाचित भएको थियो ।

निर्वाचनपछि निर्वाचन अधिकृत अधिवक्ता श्रीमती राज्यलक्ष्मी वज्राचार्य र निर्वाचान सहयोगी वंशीधर वज्राचार्यले निर्वाचित पदाधिकारीहरूलाई शपथ ग्रहण गराइ प्रमाण-पत्र वितरण गर्नुभएको थियो ।

काजीरत्न शाक्यबाट उद्घोषण भएको सो सभाको सुरुमा डा. लक्ष्मण शाक्यबाट सामुहिक शील प्रार्थना गर्न लगाउनु भएको थियो भने, सभाको अन्तमा उहाँबाटै पुण्यानुमोदन भइ सभा विसर्जन भएको थियो ।

## चौंथो बौद्ध शिक्षा र ज्ञानमाला भजन

*२०६३ साल माघ २७ गते, शनिबार*

*श्री सिद्धि मंगल बुद्ध विहार, लुलितपुर*

यल ज्ञानमाला भजनको आयोजनामा विहान ११ बजे देखि बेलुकि ५ बजे सम्म चौंथो बौद्ध शिक्षा र ज्ञानमाला भजन प्रस्तुति भएको समाचार छ । उक्त समारोहमा पञ्चशील प्रार्थना पश्चात् श्रद्धेय भिक्षु भद्दिय बाट धर्म देशना गर्नु भयो र यशोधरा महाविहार ज्ञानमाला संघ बुबहाल ललितपुर बौद्ध शिक्षा विद्वान श्री शाक्य सुरेन्द्रबाट एकल गीत प्रस्तुत गर्नु भयो भने सिद्धि मंगल बुद्ध विहार का अध्यक्ष बुद्धि बहादुर महर्जनबाट स्वागत मन्तव्य दिनु भएको थियो । श्री सचिव ईन्द्र मुनि शाक्यबाट ऐच्छिक दान सम्बन्धि मन्तव्य दिनु भएको थियो भने श्री पुष्पराज शाक्यबाट मुल्यांकन मन्तव्य दिनु भएको थियो । यसरी नै केशव चित्रकारबाट धन्यवाट मन्तव्य दिनु भएको उक्त कार्यक्रममा सिद्धि मंगल बुद्ध विहार ज्ञानमाला भजनका अध्यक्ष कुमार मान नेम्कुलबाट पाँचौं व्यवस्थापकलाई पाव्वाँ हस्तान्तर गरिदिनु भएको थियो ।

## सुमंगल स्मृति अभिनन्दन सिरपाः २०६२ व २०६३ लःल्हात

*२०६३ फागुण १२ शनिबार*

*बुद्ध विहार भृकुटीमण्डप, काठमाडौं ।*

बुद्ध विहार संरक्षण समिति बुद्ध विहार भृकुटीमण्डप परिवारया आयोजनाय् बुद्ध विहार भृकुटीमण्डपया स्थापना दिवस, विहारया संस्थापक श्रद्धेय दिवंगत भिक्षु सुमंगल महास्थविर मदुगु च्यादंया पूण्य स्मृतिस वसपोलया नामं नीस्वना त:गु सुमंगल स्मृति अभिनन्दन सिरपा: २०६२ व २०६३ ल:ल्हा:गु समाचार दु ।

अखिल नेपाल भिक्षु महासंघया नायो आचार्य भिक्षु कुमार काश्यप महास्थविरया मू पाहाँसुई व उपाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरया सभापतित्वय् न्ह्या:गु उगु ज्याझ्वले अभिनन्दन सिरपा: २०६२ व २०६३ बुद्धशासनिक ख्यलय् अमूल्य योगदान वियाच्वना बिज्या:पिं छसीकथं ख्वपदेया भाजु रत्नसुन्दर शाक्य व यलदेया भिक्षुणी ज्ञाणवतीयात ल:ल्हा:गु ख: । वसपोलपिन्त अभिनन्दन पौ सहित म्हतिं रु. ५५५५।- तका दां व बौद्ध सफूत नं ल:ल्हा:गु ख: ।

उगु ज्याझ्वले बुद्ध विहार प्रमुख भिक्षु कोण्डञ्ञ, उपासक रत्नसुन्दर शाक्य व भिक्षुणी ज्ञाणवती, मू पाहाँ आचार्य भिक्षु कुमार काश्यप महास्थविर आदि वक्तापिसं थथ:गु नुग:खँ प्वंका बिज्यातसा सभाया सभापति भिक्षु ज्ञानपूर्णिक महास्थविरं ओवाद वियाबिज्या:गु ख: । भिक्षु सुशीलं न्ह्याकाबिज्या:गु उगु ज्याझ्वले बुद्ध विहार संरक्षण समितिया दुज: फलसमान शाक्यं अभिनन्दिन निम्हेसिया म्हसीका न्ह्यब्वयादीगु ख: ।

## प्रव्रजित गुरुमां पिनिगु लागि भवन दयक्यत जग शिलान्यास

खोकनाया जितापुर गन्धकुटि विहार इलाकाय् श्रद्धेय प्रव्रजित गुरुमांपिनिगु लागि भवन दयक्यत २०६३ फागुन ९ गते बुद्धवार खुन्हु श्रद्धेय धम्मवती गुरुमांपाखें जग शिलान्यास याना बिज्या:गु समाचार दु ।

उगु ज्याझ्व:स गुरुमां पाखे. विहारया उपासकोपासिकापिन्त शील प्रार्थना याका बिज्यास्य बुद्ध पूजा व परित्राण पाठ नं याना बिज्यात । नापं ध्व भवन निर्माणार्थ न्याइ दां मं भपो गुहाली यानादीपिं दातापिनिगु नां शिलालेखय् उल्लेख ज्वीगु विषयले श्रद्धेय सुजाता गुरुमां नं नवाना बिज्या:गु ख: ।

## मैत्री बोधिसत्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६३ फागुण १२ गते, शनिवार ।*

मैत्री बोधिसत्व महाविहार, जमलमा हरेक महिनाको शुक्लपक्ष अष्टमीका दिन संचालन हुँदै आइरहेको बुद्धपूजा, ज्ञानमाला भजन र धर्मदेशना कार्यक्रम अनुसार यसदिन श्रीघ: ज्ञानमाला भजन संघले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

मैत्री बोधिसत्व महाविहार सुधार सहयोगसमितिको आयोजना एवं भिक्षुणी धम्मवतीको नेतृत्त्वमा संचालित उक्त कार्यक्रममा भिक्षुणी धम्मवतीले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा संचालन एवं धर्मदेशना गर्नु भएको थियो ।

कार्यक्रममा उपस्थित हुनुभएका भिक्षुणी गुरुमांहरू लगायत सम्पूर्ण श्रद्धालु उपासक उपासिकाहरूलाई यसदिन बज्रबहुउद्देशिय सहकारी संस्था लिमिटेडको तर्फबाट जलपानको व्यवस्था मिलाइएको थियो ।

उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय भिक्षुणी संघको लागि अक्षयकोष स्थापनार्थ विभिन्न संस्थाहरूले चन्दा स्वरूप रकम प्रदान गरिएको थियो । यस विषयमा प्राप्त समाचारमा उल्लेख भए बमोजिम केही दाताहरूको नाम र रकम यसरी खुलाइएको थियो ।

(स्व. रत्न मञ्जरी गुरुमांको पुण्यस्मृतिमा) धर्मकीर्ति विहार को तर्फबाट रु. १,००,०००।-, बज्रबहुउद्देशीय सहकारी संस्था लिमिटेड रु. १०,०००।-

यसरी नै उक्त कार्यक्रममा उपस्थित हुनुभएका श्रद्धालु उपासक उपासिकाहरूको तर्फबाट पनि यस अक्षय कोषको लागि चन्दा स्वरूप रु. ४०,५०६।- प्राप्त भएको कुरा समाचारमा उल्लेख गरिएको छ ।

उक्त अक्षयकोषबाट प्राप्त हुने ब्याज रकमले भिक्षुणी गुरुमांहरूलाई औषधी खर्च एवं भैपरी आउने खर्चहरूको लागि सहयोग उपलब्ध गरिने कुरा बुझिएको छ ।

उक्त कार्यक्रममा जलपान दाता बज्रबहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष श्री कविन्द्र श्रेष्ठ लगायत अक्षय कार्यकर्ताहरू रविन्द्रमान वज्राचार्य नगेन्द्र सुवाललाई खाडा ओढाई सम्मान गरिएको थियो भने श्रीघ: ज्ञानमाला भजनखल:का अध्यक्ष श्री रामरत्न तुलाधरलाई पनि खाडा ओढाउनु भई सम्मान गरिएको थियो । कार्यक्रममा बज्र ब.सं.सं.लि. बाट श्रीघ: ज्ञानमाला भजन संघलाई एफ एम माइक एक थानका साथै प्रसंसा पत्र समेत प्रदान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# लुम्बिनीमा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

लुम्बिनी परियत्ति अध्ययन गोष्ठीको आयोजनामा लुम्बिनीमा तीनदिने बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भयो। मा.वि. स्तरीय उक्त प्रतियोगितामा लुम्बिनी क्षेत्रका जम्मा १२ वटा विद्यालयहरू सहभागि भएका थिए। पहिलो दिनको प्रतियोगिता लुम्बिनीस्थित श्री मधुवनी निम्न माध्यामिक विद्यालय, महिलावारमा, सेमिफाइनल र फाइनलको प्रतियोगिता क्रमश: राजकीय बुद्ध विहार र गौतमी भिक्षुणी विहार, लुम्बिनीमा सम्पन्न भयो। उक्त प्रतियोगिताको फाइनल दिवसमा श्री मर्चावार आदर्श मा.वि. मझगाँवा प्रथम, श्री बुद्ध आदर्श मा.वि., लुम्बिनी द्वितीय र श्री कृषक आदर्श मा.वि., बेतकुँया तृतीय भएका थिए।

उक्त प्रतियोगिताको विजयी समुहहरूलाई एक समारोहका विच क्याम्बोडिया, थाइल्याण्डका श्रद्धेय भन्तेहरू तथा खमेसी गुरुमांबाट शील्डको साथै पुस्तक प्रदान गरिएको थियो। त्यसैगरी नगद पुरस्कारको रूपमा प्रथम हुने समुहको प्रत्येक विद्यार्थीलाई रू. ८,००/- (आठ सय) का दरले, द्वितीय हुनेका प्रत्येक विद्यार्थीहरूलाई रू. ५,००।- (पाँच सय) का दरले र तृतीय हुने समुहका विद्यार्थीहरूलाई रू. २,००/- (दुई सय) का दरले रकम प्रदान गरिएको थियो। भिक्षु सुनन्दको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा निर्णायक मण्डलमा अंगत प्रसाद चौधरी, वासुदेव देशार र कृष्णभक्त महर्जन रहनु भएको थियो। त्यसैगरी क्वीज मास्टरमा अनिल अहमद खाँ रहनु भएको थियो। उक्त कार्यक्रम लुम्बिनी परियत्ति अध्ययन गोष्ठीका मोतिलाल यादवको संयोजकत्वमा सम्पन्न भएको थियो।

उक्त प्रतियोगिता सफल पार्नमा विभिन्न महानुभावहरूले सहयोग गर्नुभएको थियो। जुन यस प्रकारका छन् :-

| क्र.सं. | नाम, ठेगाना | नगद सहयोग |
|---|---|---|
| १) | सुखी होतु नेपाल, बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं | - रू. २,०००/- |
| २) | वण्णरत्न भन्ते, महाबोधि सोसाइटि, लुम्बिनी | - रू. १,६००/- |
| ३) | भिक्षु गुणघोष, लुम्बिनी | - रू. १,१२०/- |
| ४) | युवक बौद्ध मण्डल, ललितपुर | - रू. ११,००/- |
| ५) | लुम्बिनी आदर्श युवा क्लब, पडरिया | - रू. १,००१/- |
| ६) | विश्व शान्ति विहार, मीनभवन, काठमाडौं | - रू. १,०००/- |
| ७) | होटल लुम्बिनी गार्डेन, न्यू क्रिष्टल, लुम्बिनी | - रू. १,०००/- |
| ८) | गौतमी विहार लुम्बिनीका गुरूमांहरू | - रू. ६,००/- |
| ९) | भिक्षु बोधिज्ञान, विश्व शान्ति विहार, मीनभवन, काठमाडौं | - रू. ५,००/- |
| १०) | श्रामणेर नायको, मण्मिण्डप विहार, ललितपुर | - रू. ५,००/- |
| ११) | Christelle Vinot | - रू. ५,००/- |
| १२) | श्यामलाल वज्राचार्य | - रू. ५,००/- |
| १३) | कृष्णभक्त डंगोल, काठमाडौं | - रू. ५,००/- |
| १४) | त्रिरत्न मानन्धर, चसान, काठमाडौं | - रू. ४,००/- |
| १५) | इलाका प्रहरी कार्यालय, लुम्बिनी | - रू. ४,००/- |
| १६) | जी.पी. शर्मा, गौतमी विहार, लुम्बिनी | - रू. ४,००/- |
| १७) | Club 25 YMBA | - रू. ३,६०/- |
| १८) | लुम्बिनी पर्यटन व्यवसायी संघ | - रू. ३,००/- |
| १९) | श्रद्धावती गुरुमां, शंखमुल, काठमाडौं | - रू. ३,००/- |
| २०) | जयराम | - रू. १,०१/- |
| २१) | नन्द शाक्य, कोहिटी, काठमाडौं | - रू. १,००/- |
| २२) | अनिल कार्की, पडरिया | - रू. ५१/- |
| २३) | बैजनाथ | - रू. ५१/- |
| २४) | बच्चुराम नेपाली | - रू. ५१/- |
| २५) | राम सुमण बरई | - रू. ५१/- |
| २६) | हरि सिं थापा, बुद्ध नगर, लुम्बिनी | - रू. ५१/- |
| २७) | लुम्बिनी फैन्सी एण्ड कस्मेटिक, लुम्बिनी | - रू. २१/- |
| २८) | कुलदीप, बुद्धनगर, लुम्बिनी | - रू. ५१/- |
| २९) | शाक्य किराना पसल | - रू. ५१/- |
| ३०) | निखिल शाही | - रू. ५१/- |
| ३१) | स्टाफ होटेल, लुम्बिनी | - रू. ५१/- |

**जिन्सी सहयोग**

१) गौतमी भिक्षुणी विहार - साउण्ड सिष्टम, भाँडाकुँडा, हल र ठाउँको साथै विशेष सहयोग
२) धम्मावती गुरूमां- बिस्कुट उपलब्ध
३) महाबोधि सोसाइटी अफ इण्डिया, लुम्बिनी - अतिथि तथा दर्शकहरूका लागि कुर्सी उपलब्ध
४) मधुबनी निम्न माध्यामिक विद्यालय, मधुवनी - ठाउँ तथा फर्निचर उपलब्ध
५) राजकीय बुद्ध विहार, लुम्बिनी - कार्यक्रमको लागि ठाउँ र भान्छा घर उपलब्ध


।। आरोग्या परमालाभा, सन्तुट्ठि परमं धनं, विस्सासा परमाञाति, निब्बानं परमं सुखं ।।

*सम्यक् सम्बुद्ध प्रति नतमस्तक हुँदै स्वास्थ्य सेवामा समर्पित धर्मकीर्ति विहारको शनिवारीय क्लिनिकबाट लाभ लिनुहोस्।*

प्रत्येक महिनाको

| | | | |
|---|---|---|---|
| पहिलो शनिवार | डा. योगेन्द्रमान शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–९:३० |
| दोस्रो शनिवार | डा. मोतिराजा वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| तेस्रो शनिवार | डा. विजयलाल श्रेष्ठ | डाइवेटिक विज्ञ | ८:३०–१०:०० |
| चौथो शनिवार | डा. मोतिराज वज्राचार्य | मुटु रोग विशेषज्ञ | ९:००–१०:३० |
| प्रत्येक पूर्णिमा | डा. सुरेन्द्र शाक्य | सामान्य चिकित्सा विज्ञ | ८:००–१०:३० |

**धर्मकीर्ति स्वास्थ्य कमिटी, श्री घ: विहार**

बा.अ.का.द.नं. - ७०/०४०/४१

## धर्मोदय सभा पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलन, पोखरामा महिला सहभागिता

धर्मोदय सभा बौद्ध धर्म अनुयायीहरूकै जेठो संस्थाहरू मध्ये एक मानिन्छ। नेपालमा बौद्ध धर्मको पुनर्जागरण कार्यमा ऐतिहासिक भूमिका निर्वाह गर्दै आइरहेको धर्मोदय सभाका विभिन्न शाखाहरू स्थापना भएका छन् । धर्मोदय सभाको पोखरा शाखाले पश्चिमाञ्चल क्षेत्रमा बुद्ध शिक्षाको प्रवर्द्धन तथा विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ।

धर्मोदय सभाले बुद्ध शिक्षाको प्रवर्द्धनकालागि नियमित रुपमा राष्ट्रिय सम्मेलनको आयोजना गर्ने गरेको पाइन्छ। यसै सन्दर्भमा यस वर्ष देखि क्षेत्रीय सम्मेलनहरूको आयोजना गर्ने निर्णय बमोजिम धर्मोदय सभाको कास्की शाखाको आयोजना तथा व्यवस्थापनमा २०६३ पौष २२–२३ (जनवरी ६–७) मा "पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलन–२०६३" सम्पन्न गरिएको थियो।

यस सम्मेलनको पहिलो दिनमा बुद्धपुजा र धर्म देशनाबाट शुरुवात भई शान्ती पदयात्रा (नगर परिक्रमा) सम्मेलन औद्योगिक प्रदर्शनी स्थलमा गई गरी सभामा परिणत भएको थियो। यस सम्मेलनको समुदघाटन प्रतिनिधि सभाका सभामुख श्री सुभाष चन्द्र नेम्वाङ्गज्यूबाट भएको थियो। उक्त दिनमानै त्रिभूवन विश्वविद्यालय, बौद्ध अध्ययन केन्द्रीय विभागको स्नातकोत्तर तह पहिलो शैक्षिक सत्र, २०६०–२०६२ मा उत्तीर्ण हुने विद्यार्थीहरूलाई दोसल्ला ओढाई सम्मान गर्ने कार्यक्रम पनि रहेको थियो । यसरी त्रिभूवन विश्वविद्यालय, बौद्ध अध्ययन केन्द्रीय विभागको स्नातकोत्तर तह पहिलो शैक्षिक सत्रका विद्यार्थीहरूलाई सम्मान दिने प्रचलन बुद्ध शिक्षाको प्रवर्द्धनमा नौलो अध्यायको रुपमा लिन सकिन्छ।

सम्मेलनको दोस्रो दिन पनि बुद्धपुजा र धर्म देशनाबाटनै शुरु भई कार्यपत्रहरूको प्रस्तुति र त्यस माथी व्यापक छलफल तथा टिप्पणी भएको थियो। तत् पश्चात बन्दसत्र संचालन भई निर्णयको रुपमा निम्न घोषणा गरिएको थियो।

- सम्पूर्ण बौद्धहरू बीचको एकतामा प्रत्येक बौद्धहरूद्वारा सत्प्रयास जारी गरौं।
- बुद्धधर्मको मैत्री र करुणाभाव विकास गरी समाजमा सामाजिक सदभाव र धार्मिक सहिष्णुता विस्तार गरौं।
- बहुजनहिताय, बहुधार्मिक, बहुसंस्कृतिक, बहुभाषिक विशेषता संगाली प्रतिनिधि सभाद्वारा घोषित धर्मनिरपेक्षता संविधान सभाद्वारा औपचारिक घोषणा होस्।
- आगामी २०६८ सालमा हुने राष्ट्रिय जनगणनामा सम्पूर्ण बौद्धजगत जागरुक र सचेत भई वास्तविक तथ्याङ्क प्रतिपादनका लागि अग्रसर रहौं।
- बुद्धधर्म सम्बन्धी क्षेत्रीय सम्मेलनद्वारा क्षेत्रीय तथा आपसी भाईचारा व्यवहार प्रयोगका लागि कार्यरत रहौं।

भगवान बुद्धले २५०० वर्ष अघि दिनु भएको शिक्षा आजको २१ सौं सताव्दीमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ।

*सारांशमा भगवान बुद्धले निम्न कुरा सिकाउनु भएको छ।*

● खराव कार्य नगर्नु, ● सधै असल कार्य गर्नु, ● आफ्नो चित्त शुद्ध गर्नु

खराव कार्य नगर्नु र सधै असल कार्य गर्नुलाई प्रस्ट्याउन आवश्यक नपर्ला। चित्त शुद्धिलाई यसरी विवेचना गरिएको छ। भोक्ताभाव मानिस मात्रको स्वभाव भएको हुँदा मानिसमा हर चिज (असलपन समेत) लाई उपभोग गर्ने स्वभाव बोकेको हुन्छ। यसले गर्दा चित्तमा क्लेश रुपी मैलाको तह जम्न गई धमिलिन जाने हुन्छ। आफूले खोजेको र चाहेको चिज (असलपना समेत) प्राप्त नहुने भयले सधैं पीर तथा दुःख हुने गर्दछ। तसर्थ भगवान बुद्धले चित्तको क्लेशलाई हटाई दुःख मात्रको अन्त गरी निर्वाण/बोधित्व सम्म पुऱ्याई दिने मार्गको शिक्षा दिनु भएको छ। चतु आर्यसत्य र आर्य अष्टाङ्गिक मार्ग नै बुद्धले दिनुभएको आधारभूत शिक्षा हुन्। चार आर्य सत्यलाई बुझ्न सकेमा व्यक्ति अप्रमादि भई जीवन सुख पूर्वक जिउन सक्छ। जीवनको हरेक पलमा चार आर्य सत्यको अभ्यास गर्नु आवश्यक हुन्छ।

प्रत्येक व्यक्तिको शिक्षा, अनुशासन घरबाट शुरु हुन्छ। अर्थात, घर परिवार नै कुनै पनि व्यक्तिको लागि प्राथमिक शिक्षाको थलोको रुपमा लिन सकिन्छ। घर बलियो बनाउन घरको जग मजबुत हुन आवश्यक हुन्छ, भने जस्तै असल व्यक्तिको जग भनेको घर परिवारबाट उसलाई प्राप्त हुने शिक्षा नै हुन्छ। व्यक्तिलाई उसको प्रारम्भिक शिक्षा प्रदान गर्ने कार्यमा घर परिवारको महिला सदस्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ। व्यक्तिलाई असल संस्कार दिने कार्यमा आमाको भूमिका अहम् हुन्छ। यस्तो गहन भूमिका निर्वाह गर्नु पर्ने महिला वर्गमा सर्वप्रथमत आफै संस्कारित भै उदाहरणको रुपमा पेश हुन सक्नु पर्ने हुन्छ। तब मात्र संन्ततिमा असल संस्कारको रुपान्तरण हुन सक्छ। यसको लागि बुद्ध शिक्षाको अनुसरण एक महत्वपूर्ण उपाय हुन सक्छ। सुसंस्कृत र सभ्य समाजको निर्माण असल संस्कार भएको महिलावर्गबाट मात्र संभव हुन्छ। अन्ततत्वगत्वा सुसंस्कृत र सभ्य समाजले नै सक्षम नागरिकको निर्माण गर्दछ, जुन आजको युगमा अपरिहार्य छ।

कुनै योजनाकार र नीतिकर्ताले देशको लागि नीति कोरेर मात्र त्यसलाई व्यवहारमा प्रयोग गर्न सकिदैन्। योजना तथा नीतिको प्रभावकारी कार्यान्वियनको लागि स्वच्छ र शुद्ध चित्त हुन आवश्यक हुन्छ। यस कार्यमा महिला वर्गको ठूलो देन देखिन्छ। राष्ट्र विकासमा पुरुष नै सरह महिला वर्गको योगदान आवश्यक हुन्छ। हाम्रो परिप्रेक्षमा महिला वर्ग उपेक्षित देखिन्छन्। पुरुष प्रधान समाजको निहुँमा महिला वर्ग आफै प्रभुत्वका शिकार बनेका छन्। त्यसबाट उम्कने आफैले सामान्य प्रयास पनि गरेको देखिदैन्। जसरी अर्थशास्त्रको सिद्धान्तमा कुनै पनि बस्तुको बजारमा माग हुनको लागि बस्तु प्राप्त गर्ने इच्छा, बस्तुको मूल्य तिर्न सक्ने क्षमता र मूल्य तिर्ने चाहनाको आवश्यकता हुन्छ, त्यसरी नै महिला वर्गले स्वस्फुर्त रुपमा राष्ट्र विकासमा योगदान दिन सर्व प्रथम त सामाजिक प्रभुत्वबाट उम्कने चाहना हुन आवश्यक हुन्छ, तत् पश्चात क्षमता विकास तथा उक्त कार्यमा प्रयासरत हुन आवश्यक हुन्छ। बुद्ध शिक्षाको अध्ययन र यसको व्यवहारिक प्रयोगबाट नै व्यक्तिमा आत्मनिर्भरता र लगनशीलताको विकासमा सहायक हुने कुरामा दुईमत रहन्न।

नेपाल सरकारले अन्तरिम संविधान मार्फत राष्ट्र निर्माणमा महिला वर्गको सहभागितालाई बढाउन सैद्धान्तिक रुपमा समावेशीमुलक कार्यक्रम अघि सारेको देखिन्छ। तर व्यवहारमा उतार्ने प्रकृयागत स्पष्टताको अभाव नै देखिन्छ। बुद्ध शिक्षा अध्ययन, अध्यापनको प्रवर्द्धनमा धर्मोदय सभाले पश्चिमाञ्चल क्षेत्रमा आयोजना गरेको बौद्ध सम्मेलनले निकै महत्व राख्दछ। उक्त सम्मेलनमा समावेशीमुलक कार्यक्रमको उदाहरणको रुपमा महिला वर्गको सहभागिता प्रयाप्त रुपमा देखिएन्। हुनत धर्मोदय सभामा सदस्यको रुपमा बौद्ध महिला व्यक्तिहरूको कमी देखिदैन्, तर यस सम्मेलनमा धर्मोदय सभाका सदस्यहरूको सहभागिता न्यून रहेकोले सम्मेलनको शोभा केही घटाएको महशुस हुन्छ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: [illegible] फ्याक्स: [illegible]
व्यापारिक कार्यालय: सुकपथ, काठमाडौं। फोन: [illegible] फ्याक्स: [illegible]

Downloaded from http://www.dhamma.digital